# परिच्छेद एक
# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

समाज भनेको सामाजिक सम्बन्ध र प्रक्रियाहरूको जालो हो । सामाजिक सम्बन्धहरू विभिन्न तह, स्वरूप र आयामहरूमा प्रकट हुने गर्दछन् । सामाजिक व्यवस्था आफैंमा एउटा समन्वयको जालो भएकाले यस भित्र व्यक्ति र उसका सामूहिक भावना, क्रियाकलापहरूसँग सम्बन्धित पक्षहरू समेटिन्छन् । एउटा निश्चित लक्ष्य वा उद्देश्य परिपूर्ति गर्नका लागि मानव समाजले समय परिस्थिति अनुकूल विभिन्न खाले सामाजिक संस्थाको सिर्जना गरी व्यवहारमा ल्याएको छ । समयको माग अनुसार यिनै सामाजिक सङ्घ संस्थाहरूको संरचना र कार्य क्षमतामा परिवर्तन देखा पर्दै गएको छ । सामाजिक सम्यन्त्र तथा संरचना एवम् प्रक्रिया र सङ्गठनहरूमा फेरबदल आउनु नै सामाजिक रूपान्तरण हो । सामाजिक रूपान्तरणले सामाजिक इकाईमा परिवर्तन ल्याउँदछ । जस्तै विवाह, परिवार, नातेदारी र स्थानीय समूह सङ्गठनहरूमा रूपान्तरण आउँदछ । “समाज भनेको क्रमिक रूपमा विकास हुने प्रक्रिया” हो (मिश्र, २०६३ :४९) । सामाजिक रूपान्तरणले राष्ट्रहरू बीचको अन्तर सम्बन्धको विश्लेषण गर्दछ । सामाजिक रूपान्तरणले सामान्यतः युद्ध, आर्थिक वृद्धि, राजनैतिक उतार-चढावका कारण र संस्कृतिमा आएको परिवर्तनलाई बुझाउँदछ । सामाजिक रूपान्तरण अध्ययनलाई अन्तर विषयक विश्लेषणात्मक ढाँचाका रूपमा लिन सकिन्छ, जसले विश्वव्यापी अन्तर सम्बन्ध, यसको क्षेत्रीय र स्थानीय प्रभावको अध्ययन गर्न मद्दत गर्दछ । सामाजिक व्यवस्थाका अपरिहार्य तत्वहरू मध्ये सङ्गठनहरू पनि प्रमुख हुन् । जुन मानव सभ्यताको विकासक्रमसँगै मानिसका सामान्य आवश्यकताहरू परिपुर्तिको निम्ति कन्दमूल सङ्कलन गर्ने र घर व्यवहार चलाउन सङ्गठित झुण्ड-झुण्ड थिए । सभ्यताको विकासक्रमसँगै ती सङ्गठन शैलीमा रूपान्तरण देखा पर्दै आएको छ । यी मानवहरूको कार्यशैलीमा रूपान्तरण आए झैं यो सँग सरोकार राख्ने सामाजिक सङ्गठनहरूमा पनि तीव्र रूपमा रूपान्तरण देखा परेको छ । यसको उदाहरणमा हामी रोधिको रूपमा डिस्को, पर्मको रूपमा ज्याला मजदुरीलाई लिन सकिन्छ । यी सङ्गठनहरू आदि कालको स्वरूप र आजको

स्वरूपमा रूपान्तरण पाउन सकिन्छ । हाम्रो समाज आधुनिकिकरणको प्रक्रियाबाट अछुतो रहन सकेको छैन ।

प्रकृतिका हरेक सृष्टिमा समयको मागसँगै रूपान्तरण देखिन्छ । प्रारम्भिक समयमा व्यक्तिका भौतिक आवश्यकताहरू परिपूर्ति गर्न अथवा खाना सङ्कलन गर्न, घर व्यवहार चलाउन, महिला र पुरुषको सङ्गठन निर्माण भयो । यी मानिसहरू सामुहिक उद्देश्य पूर्तिका निम्ति सङ्गठित थिए । यसले विभिन्न सभ्यताको चरणहरूमा प्रक्रियागत, कार्यगत र सम्बन्धगत परिवर्तनलाई आत्मसात गर्दै आयो । परम्परागत शैलीबाट हुर्कदैं जटिल सामाजिक परिवेशमा आउने क्रममा सामाजिक सङ्गठनको विस्तार र रूपान्तरण तथा राज्य व्यवस्थाका नीति र कानून अनुसारका ढाँचाहरूमा जस्तै रोधि, पर्म, गुठी, मण्डली, धर्म आदि सङ्गठन शैली देखा परे । परिवर्तनको पारस्परिक प्रभाव मानव जीवनका सबै पक्षमा पर्न थाल्यो । अैंचो-पैंचो, पर्म गरी जीवन निर्वाह गर्ने समाज आज आधुनिकता सँगै नविन सङ्गठन निर्माण आवश्यकता परिपूर्ति गर्ने हेतुले आवद्द हुन थाले । आज विश्व एउटै छाना जस्तै भएको छ । एक ठाउँमा घटेको घटनाले विश्वमा नै प्रभाव पार्न सफल भएको छ (अहमद, १९९४ : १५-२३) । यस्तो परिस्थितिमा ग्रामीण महिला सङ्गठन शैलीमा रूपान्तरण देखिनु स्वभाविकै हो । समाजमा विभिन्न खालका उद्देश्यले प्रेरित, आमा समूह, छोरी समूह, युवा समूह, क्षेत्री समूह, ब्राह्मण समूह, मगर समूह, दलित समूह, थारु समूह, मदेशी समूह, निजामति समूह आदि समूहहरू गरी सङ्गठनमा आवद्ध छन् । यसरी समाजमा विभिन्न सङ्गठन निर्माणका मुख्य कारण के-के होलान् ? सङ्गठनशैली कसरी अगाडि बढेको छ, परिवर्तनका कारक तत्व के–के हुन सक्छन् भन्ने विषयमा सामाजिक अनुसन्धानको आवश्यकता महसुस गरिएको छ ।

हाम्रो समाजमा विभिन्न किसिमका सङ्गठनहरू सक्रिय रहेका छन् । यस्ता सङ्गठनहरू समुदायमा देखा परेका आवश्यक कार्यहरू गर्न सङ्गठित छन् । समूदायको व्यापक सहभागिताबाट सम्पूर्ण समाजिक क्रियाकलाहरू गरिएको हुन्छ । समुदायमा जन्म, मृत्यु, विवाह, ब्रतवन्ध, उत्सव हुँदा स्कूल, बाटो, पानी, सिंचाई, बन, आदि सबै सामुदायिक कार्य गर्न सङ्गठन क्रियाशील हुन्छन् । तर आज यी सङ्गठन शैलीहरूमा जात, धर्म, वर्ण, स्तर, पेसाको आधारमा रूपान्तरण देखा परेको छ । समाजमा आपसी खाँचो पुरा गर्नका लागि निर्माण हुदै आएका महिला समूहहरूको सङ्गठनशैली कस्तो किसिमको छ र यो

परिवर्तनको ढाँचा कसरी अगाडि बढेको छ भन्ने विषयमा प्राज्ञिक अनुसन्धान हुनु आवश्यक देखिएकाले यो अध्ययन गरिएको हो । यस्ता महिला सङ्गठनहरू निर्माण र सामाजिक परिवर्तनसँगै क्रमिक रूपमा रूपान्तरण हुँदै पनि आएका छन् । यसरी महिला सङ्गठनहरूको शैली र प्रक्रियाहरूमा परिवर्तन गराउने मुख्य कारक तत्वहरू के– के हुन सक्छन् भनी व्यवस्थित अध्ययनका लागि यो शोधपत्र तयार गरिएको हो ।

## १.२ समस्याको कथन

नेपाली समाजमा महिला समूहहरूको ऐतिहासिकता खोज्ने हो भने किराँतकालदेखि नै महिला हकहितका कुराहरू उठ्दै आएको पाइन्छ । प्राचीन समाजमा नारीलाई देवि सरह श्रद्धा, सम्मान र आदारका दृष्टिले हेरिने गरेकोमा मध्येकालमा निरन्तरता नपाएको र झन् दमन, अन्याय, अत्यचार बढेको तथा क्रमशः पितृसतात्मक समाजको अधिपत्य बढ्दै गएको पाइन्छ । प्राचीन कालमा विभिन्न विदुषीहरूले धर्मको व्याख्या तथा साहित्य क्षेत्रमा कलम चलाउने र बहस गर्ने अभ्यास गरेको पाइए तापनि मध्य युगमा आएर नारीहरू पूर्ण रूपमा शिक्षा लिनबाट बञ्चित गराईने अवस्थाको सिर्जना भयो । अझ समाजमा महिलाहरू सति प्रथा जस्तो अमानवीय प्रथाको सिकार हुन पुगे । यस युगलाई कालो युगको रूपमा लिने गरिन्छ (लुईटेल, २००३) .

वि.सं. १९७७ मा प्रधान मन्त्री चन्द्र शमशेरले सतिप्रथाको अन्त्य भएको घोषणा गरे पश्चात् नेपाली समाज पनि महिला हकहित र समानताको क्षेत्रमा बामे सर्दै अगाडि बढीरहेको छ । सन् १९१८ मा दिव्यादेवि कोइरालाको सक्रियतामा ‘महिला समिति’ नामक प्रथम महिला सम्बन्धी संस्था उदाउन पुग्यो । यसको फलस्वरूप आजको परिवेशमा नेपाली महिलाहरूले पनि सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, लैङ्गिक, पेसागत क्षेत्रमा आफ्नो उपस्थिति गराउन पुगेका छन् (लुईटेल, २००३) ।

आफ्नो हकहित र नारी जागरणका लागि भिन्न-भिन्न सङ्घ संस्थामा आवद्ध छन् । आधुनिकीकरणसँगै विश्वव्यापी महिला आन्दोलनको प्रभावले गर्दा सामाजिक तथा राजनीतिक रूपमा विभिन्न समयमा विभिन्न खालका स्वतन्त्र महिला सङ्गठन पनि निर्माण हुदै आएका छन् । यो क्रम बहुदलीय प्रजातन्त्रको पुन :स्थापना देखि लोकतन्त्र स्थापना सम्मको समयावधी सम्ममा सामाजिक परिचालनको स्थिति कस्तो छ भनि खोज गरिएको

छ । कपिलवस्तु जिल्ला एक बहुभाषिक, बहुधार्मिक, बहुजाति, बहुसांस्कृतिक विविधताले सम्पन्न जिल्ला हो । यहाँका महिलाहरू आ-आफ्ना परिस्थितिका कारणले विभिन्न महिला संगठनमा आवद्ध हुन पुगेका छन् ।

संगठन निर्माणका स्थानगत ऐतिहासिक आधारहरू हुन्छन् । कपिलवस्तुका ग्रामिण क्षेत्रमा क्रियाशील स्वतन्त्र महिला संगठनहरूमा योगमायाको भिक्षुणी आन्दोलन, राजेश्वरी सिंहको आमा समूह आन्दोलन, लीली थापाको  एकल महिला आन्दोलन र परम्परागत आमा टोली अभियान यी चार खालका आन्दोलनको प्रभावका बारेमा अनुसन्धान हुन नसकेकाले अनुसन्धानकर्ताको यस क्षेत्रको अध्ययन गर्ने तीव्र चाहना भएकाले यस क्षेत्रको खोज गरिएको छ । यो अध्ययन निम्न अनुसन्धानगत प्रश्नहरूको उत्तर खोजमा केन्द्रित रहेको छ ।

- स्वतन्त्र महिला सङ्गठनहरू के कारणले निर्माण भए ?
- स्वतन्त्र महिला सङ्गठनको उद्देश्य के हो ?
- स्वतन्त्र महिला सङ्गठनको सामाजिक परिचालनको स्थिति कस्तो छ ?
- स्वतन्त्र महिला सङ्गठनका ढाँचाहरू कस्ता कस्ता छन् ?
- ऐतिहासिक महिला आन्दोलनको स्थानीय प्रभाव कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानको उद्देश्य नेपालमा ग्रामीण महिला सङ्गठनको निर्माणले महिलामा आएको परिवर्तनका बारेमा जानकारी लिनु रहेको छ । त्यसै अनुरूप यस अनुसन्धान विशिष्ट उद्देश्य निम्न अनुरूप छन् :

- महिला सामाजिक सङ्गठन शैलीको विश्लेषण गर्ने
- महिला सङ्गठनको रूपान्तरणमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउने ।

## १.४ अध्ययनको सीमा

प्राज्ञिक अध्ययन भएकाले यसका निश्चित सीमाहरू रहेका छन् । यस अध्ययनले समग्र कपिलवस्तु जिल्लामा रहेका राजनितिक दलका भातृ सङ्गठनहरूलाई नभई सामाजिक

हितका लागि समर्पित स्वतन्त्र महिला सङ्गठनहरूलाई मात्र समेटेको छ । २०५० साल पछाडिको समयावधीमा महिला सङ्गठनहरू कस्तो ढाँचामा रूपान्तरण भईरहेका छन् ? यी सङ्गठनहरूले महिला सशक्तिकरणमा कसरी सहयोग गरेका छन् र स्वतन्त्र सङ्गठनहरू कस्तो-कस्तो परिस्थितिमा उदाउन पुगे भन्ने विषयलाई समेटेको छ। जसका लागि निश्चित अध्ययन विधि, अध्ययनको समग्रता तथा अध्ययन क्षेत्रको छनौट गरिएको छ । तसर्थ यस अध्ययनलाई सम्पूर्ण महिला सङ्गठनहरूमा सामान्यीकरण गर्न सकिने छैन । केवल कपिलवस्तु जिल्लाका सामाजिक हितले समर्पित गैरदलीय स्वतन्त्र महिला सङ्गठनमा मात्रै केन्द्रित गरि अध्ययन गरिएको छ। नेपाली समाजमा ऐतिहासिक पहिचान बनाएका महिला नेतृत्वका सामाजिक आन्दोलनहरू मध्ये योगमायाँको भिक्षुणी आन्दोलन, राजेश्वरीको आमा समूह आन्दोलन, लीली थापाको एकल महिला आन्दोलन, परम्परागत आमा टोली अभियानको प्रभाव कस्तो रहन गयो त ? भन्ने कुराको खोजी गरिएको छ । यो खोजमा समाज परिचालन प्रक्रियाका मोडलहरूसँग सम्बन्ध जोडेर अध्ययन गर्न खोजिएको छ।

## १.५ अनुसन्धानको औचित्य तथा महत्व

समाजको सन्तुलित विकासका लागि महिलाहरूको प्रत्यक्ष सहभागिताका बिना र उनीहरूको सकारात्मक सशक्तिकरण विना विकासका समग्र प्रक्रियाले पूर्णता पाउन कठिन हुन्छ । शताब्दीयौं देखि हाम्रो समाज पुरुष प्रधान छ । यसले गर्दा झनै महिलाको स्थिति दयनीय बनेको छ। लैङ्गिक असमानताले गर्दा महिला पुरुषलाई भिन्न-भिन्नै भूमिका निर्वाह गर्नुपर्ने बाध्यता बनाईएको छ। महिला सङ्गठनहरू २००७ सालको जहानीया राणाशासनको अन्त्य पछिमात्र विस्तारै आफ्ना हकहितका लागि छिटफुट रूपमा सङ्गठित हुने मौका पाए । यी सङ्गठनहरू पनि आधुनिकीकरणको प्रभावसँगै अहिले आएर भिन्न-भिन्नै उद्देश्यले सङ्गठित छन् । यी महिला सङ्गठनशैलीमा राजनैतिक, आर्थिक, सामाजिक, भौगोलिक, जातिगत, धर्म, वर्ण, पेसा आदिका आधारमा महिलाहरू विभिन्न सङ्गठनमा सहभागी भएका छन् । कस्ता महिलाहरूले सङ्गठनको नेतृत्व गरेका छन् र ग्रामीण सङ्गठनशैलीमा प्रभाव पार्ने कारक तत्वहरू के-के रहेछन्, कस्तो परिवेशमा यी उदाउन पुगे, राष्ट्रको शान्ति सुरक्षा, हकहित, र अमन चयनको लागि स्वतन्त्र सङ्गठनको भूमिका कस्तो रहन गयो भन्ने विषयमा केन्द्रित शोधकार्य नवीन क्षेत्रमा खोज गर्न प्रेरित छ । महिला सङ्गठनहरूले प्रयोग गरिरहेको मोडेल प्रयोग अन्य दवाब समूहहरूले किन अनुकरण गर्न पुगे भन्ने सबाललाई

खोजी गरिएको छ । अध्ययन क्षेत्र स्वभाविक रूपमा समय र खर्चका कारण सिमित रहेको भएतापनि यसबाट निस्केको निष्कर्षले यो अध्ययनका साथसाथै अन्य रूपान्तरित अध्ययनका लागि सहयोगी भूमिका खेल्नेछ ।

## १.६ शोधपत्रको साङ्गठनिक रूपरेखा

यस शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । परिचय खण्डलाई परिच्छेद एकमा राखिएको छ । यसमा अध्ययनको आवश्यकता र औचित्य तथा उद्देश्यका सवाल उठाईएको छ । यही परिच्छेदमा नै समस्याको कथन अर्न्तगत प्राचीन काल देखि हाल सम्म अभ्यासमा आएका नारी जागरणका कुराहरू उठाईएको छ भने महिला सङ्गठन शैलीहरू ग्रामीण समुदायमा कसरी अगाडि बढिरहेका छन्  र महिला सङ्गठनहरू के कारणले प्रभावित रहेका छन् भन्ने बिषय यो परिच्छेद  अन्तर्गत राखिएको छ । यस अध्ययनको औचित्य, महत्व तथा सीमालाई पनि यसै परिच्छेदमा समावेश गरिएको छ ।

सन्दर्भसाहित्य पुनरावलोकनलाई परिच्छेदमा दुईमा राखिएको छ । यसमा नेपाली महिला आन्दोलनहरूको ऐतिहासिक विश्लेषणको कुराहरू उठाइएको छ । नेपाली समाजमा महिला नेतृत्वमा भएका समाजिक अभियान तथा आन्दोलन देखि लिएर उनीहरूले झेल्दै  आएका चुनौति  सँगै महिला अधिकारका कुराहरू उठाईएको छ । नेपालमा महिला समूह कसरी निर्माण र परिचालन हुने गरेका छन् भन्ने कुरा पनि यसै परिच्छेद अन्तर्गत राखिएको छ ।

महिला समूह निर्माण र परिचालनका प्रयासहरूलाई सामाजिक परिचालनको सैद्धान्तिक मोडेलमा हेर्न खोजिएको छ । सामाजिक परिचालनका प्रचलित दुई प्रणालीहरू समावेश गरिएको छ । नेपालमा सामाजिक परिचालनको इतिहास देखि लिएर सामाजिक परिचालनका र सामाजिक परिचालनबाट गरिबी निवारणमा सहयोग पुग्ने कुरा स्पष्ट पारिएको छ ।

अनुसन्धान खण्डलाई परिच्छेद तीन अन्तर्गत राखिएको छ । यस परिच्छेदमा शोधपत्र तयार पार्ने क्रममा छानिएको क्षेत्रदेखि लिएर अनुसन्धानका क्रममा अभ्यासमा आएका विधिहरूको बारेमा कुरा उठाईएको छ । यस अनुसन्धानका क्रममा प्राथमिक र द्वितीय दुवै स्रोतहरूबाट तत्थ्याङ्क सङ्कलन गरिएको छ । तत्थ्याङ्क सङ्कलन प्रक्रिया सम्बन्धी कुरालाई विभिन्न शीर्षक उप-शीर्षक दिई क्रमिक रूपमा विश्लेषण गरिएको छ । अध्ययनको समयावधीलाई पनि यही परिच्छेद अन्तर्गत राखिएको छ ।

स्थलगत तत्थ्याङ्क विश्लेषणलाई परिच्छेद चार अन्र्तरगत राखिएको छ । यसमा स्थलगत अध्ययनबाट आएका नतिजाहरूलाई विभिन्न शीर्षक उप-शीर्षक राखि विश्लेषण गर्ने क्रममा आठवटा तालिकामा वर्गीकरण गरी विश्लेषण गरीएको छ ।

अध्ययनको सार, साराशं, निष्कर्ष तथा सुझावलाई परिच्छेद पाँचमा राखिएको छ । यसै परिच्छेदमा अनुसन्धानको निचोड प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई
# सन्दर्भ साहित्यको समीक्षा

## २.१ सैद्धान्तिक समिक्षा

ग्रामीण महिलाहरूको संगठन निर्माण शैली र पछिल्ला दिनमा ती संगठनहरूको परिचालनमा विकास भएका स्थानीय आधारहरूको अध्ययन गरिएको यो शोधपत्रमा दुइवटा सैद्धान्तिक अवधारणालाई अवलम्बन गरिएको छ । समाजशास्त्रीय हिसावमा सामाजिक गतिशीलताको स्थानीय प्रेरक तत्वको पहिचानमा जोड दिने टालकोट पार्सनको प्रकार्यबादी अवधारणलाई मार्गदर्शक दृष्टिकोणका रुपमा लिइएको छ भने अर्को सैद्धान्तिक आधारमा विकास समाजशास्त्रमा प्रयोग भइरहेको समाज परिचालन अवधारणालाई पनि प्रेरक सैद्धान्तिक दृष्टिकोणका रुपमा लिइएको छ। हरेक समाजको प्रकार्यात्मक संरचनाको निरन्तर गतिशीलतामा पार्सनको प्रकार्यवादले देखाएको तनाब व्यस्थापनका लागि आन्तरिक र बाह्य सक्रियताका आधारहरूले समूह बन्न, गतिशील हुन र टीकाउनका लागि गरिने सक्रियताका पक्षहरूको तुलनात्मक सम्बन्ध विश्लेषण गर्नुपर्ने तर्क र समाज परिचालन प्रकृयाले अवलम्बन गरेको समाजको योजनाबद्ध परिवर्तनका लागि संगठन, बचत र सीपका माध्यमद्धारा समाज परिचालन मार्फत सामाजिक संगठन निर्माण, नेतृत्व विकास र सामाजिक पुँजी निर्माणका लागि हुने सक्रियताले प्रभाव पार्ने तर्कलाई आत्मसात गर्दै यी दुई अवधारणालाई आधारमा लिएर समिक्षा गरिएको छ।

### २.१.१ प्रकार्यवादी अवधारणा

समाजशास्त्रीय अनुसन्धानमा प्रकार्यात्मक सैद्धान्तिक नमुनाको निकै ठूलो महत्व छ। मूलतः समाजशास्त्रीय अनुसन्धानमा सामाजिक वास्तविकतालाई बुझ्ने सवालमा सन् १९४० देखि ५० को दशकसम्म यस सैद्धान्तिक नमुना प्रभुत्वमा रहन गएको थियो। यस मोडेलका मुख्य व्याख्याकारहरूमा मेलिनोस्की, दुर्खिम, रेडक्लिफ व्राउन, आर.के मार्टन र टाल्कोट पार्सनलाई महत्वपुर्ण मान्न सकिन्छ । यस अध्ययनमा टालकोट पार्सनको प्रकार्यवादी दृष्टिकोणलाई अवलम्बन गरिएको छ।

टालकोर्ट पार्सनलेल समाजको आन्तरिक सक्रियता र सम्बन्धलाई बुझ्न ४ प्रकारका सक्रियता अर्थात प्रकार्यात्मक ढाचाँहरूलाई अगाडी सारेका छन् । यसमा सामाजिक सम्बन्ध र निरन्तरताका लागि समाजका अवयवहरूमा समायोजन (Adaptation), लक्ष्य प्राप्तिमा सक्रियता (Goal Attainment), आन्तरिक एकता (Integration), र तनाव व्यवस्थापनका काईदा (Latency Management) का सक्रियताहरू निरन्तर हुने र यिनै सक्रियताले समाजको प्रकार्यात्मक गतिशिलता निर्धारण गर्दछ भन्ने मान्यतासंग यो अध्ययन जोडिएको छ ( पार्सन, १९३७) ।

हरेक समाजमा योजनाबद्ध परिवर्तन हुनका लागि त्यस समाजका अंगहरू बीचको सम्बन्ध र सक्रियता पार्सनले भने झै AGIL मोडेलमा लक्ष्य प्रप्तिका लागि भएका सक्रियता र तनाव व्यबस्थापनका लागि गरिएका योजनाहरूले निर्देशित हुन्छन् (पार्सन, १९३७) ।

यो अवधारणा अनुसार हरेक समाज योजनाबद्ध रूपमा परिवर्तन हुनका लागि त्यस समाजका अंगहरू बीचको सम्बन्ध र सहभागिता पार्सनले भने झै AGIL मोडेलमा लक्ष्य प्राप्तिका लागि भएका सक्रियता र तनाव व्यवस्थापनका लागि गरिएका योजनाहरूले निर्देशित छन् (पार्सन, १९३७) ।

मेरो अध्ययन क्षेत्रमा पनि समाज परिचाजनमा लक्ष्य प्राप्ति र तनाब व्यबस्थापनका लागि समूह निमाण र परिचालनका कृयाकलापहरूमा स्थानीय महिला संगठनहरू क्रियाशिल छन् । सिमावर्ती बस्ती भएकाले सिमानामा हुन सक्ने जोखिम न्यूनिकरणका लागि तनाब व्यबस्थापन गर्न विशिष्ट परिवेशमा कपिलबस्तुका महिला संगठनहरू सक्रिय छन् । यहाँका महिलाहरू आ–आफ्ना परिस्थिति, योग्यता, क्षमता, वर्गीय, जातीय, आधारमा विभिन्न लक्ष्य प्राप्तिका लागि संगठित भएका छन् । यसले गर्दा यो अध्ययन पार्सनको प्रकार्यवादी सिद्धान्तको सामाजिक व्यबस्था अस्तित्वमा आउनका लागि आवश्यक ४ किसिमका पूर्वसर्तहरू मध्ये पनि एकता वा समन्वयात्मक प्रकार्य (Integration) र तनाव ब्यबस्थापन (Latency And Maintenance) सँग अझ बढी सादृश्य देखिन्छ ।

संरचनागत प्रकार्यवादी मोडेलका मान्यताहरूमा आधारित भइ शोध-पत्र तयार पारिएको छ । यस सैद्धान्तिक ढाँचा वा मोडेलले समाजलाई विभिन्न सामाजिक एकाईहरूको एकीकृत रूप ठान्दछ । यसैले जे जति सामाजिक एकाई सामाजिक व्यवस्थामा रहेका छन्, तिनमा

सामाजिक व्यवस्था सञ्चालनका लागि प्रकार्यात्मक एकता रहेको हुन्छ । समाजमा रहेका विभिन्न एकाइहरू सामाजिक उद्देश्य प्राप्तिका लागि प्रकार्यरत हुँदा यसले एकाइहरू बीच एकता कायम गराउँछ ।

प्रकार्यात्मक सर्वव्यापकताको मान्यता अनुसार समाजमा सामाजिक एकाइहरूको सक्रियता र तिनीहरूले गर्ने प्रकार्यलाई सार्वभौम, सामाजिक प्रक्रियाको रूपमा लिइन्छ । समाज वा सामाजिक व्यवस्था त्यसमा संलग्न एकाइहरूको समूह सञ्चालित हुन्छ । यस्तै जहाँ सामाजिक व्यवस्था छ त्यहाँ प्रकार्य रहन्छ । प्रत्येक एकाइले सामाजिक व्यवस्थामा रहेर सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ । सामाजिक व्यवस्थामा रहेका एकाइहरू र तिनीहरूले निर्वाह गर्ने भूमिकालाई हटाएर वा समाजको कुनै अङ्गलाई वेवास्ता गरेर समाजको राम्रो विश्लेषण हुन सक्दैन । यो सिद्धान्तले सामाजिक लक्ष्य प्राप्तिको लागि सामाजिक भूमिकाहरू क्रियाशील र स्पष्ट बन्दछन् र सामाजिक एकता र अन्तरनिर्भरताको आधारमा समाजमा सामाजिक एकाइहरू निर्माण र परिचालन तथा आपसी सम्बन्धको आधार बन्ने तर्कलाई स्वीकार गरेको छ ।

## २.१.२ सामाजिक परिचालन अवधारणा

समाजशास्त्रको व्यवहारिक प्रयोगका क्षेत्रमा विकास र सामाजिक परिवर्तन प्रयासहरूमा सामाजिक परिचालनलाइ विकास समाजशास्त्रको एउटा प्रयोगात्मक मोडल मानिन्छ ।

ग्रामीण क्षेत्रका समुदायहरूलाई सङ्गठित, स्वावलम्बी र जागरुक हुन् सामाजिक परिचालनले सहयोग पुऱ्याउँदछ । साथै यसले गाउँ कै स्रोत र साधनको प्रयोग गरी गाउँकै आम्दानी बढाउन जोड दिएको छ । यसरी सामुदायिक विकास सम्बन्धी मोडललाई संगठन, बचत र सीप सहितको सामाजिक विकास परिचालनको अवधारणाको आधारमा योजनावद्ध सामाजिक अभियानहरू संचालान हुदै आएका छन् । यस्ता प्रयासले समुदायको चेतना अभिवृद्धि गराई जसबाट समाजमा विद्यमान अन्धविश्वास रुढीवादी कुप्रथा, सामाजिक विकृति कम गरी समुदायको विकासमा सहयोग पुगेको छ । विकास कार्यमा स्थानीय मानिसहरूको वास्तविक सहभागितामा कार्य सफल र दिगो हुने मान्यताले स्थानीय नागरिकहरूलाई सामाजिक पुँजी विकासका अभ्यासमा सक्रिय पारिने अभ्यासलाई सामाजिक परिचालनको अवधारणा मानिन्छ (यु.एन.डि.पि, २०५७) ।

सामाजिक परिचालन एउटा प्रक्रिया, शैली, बाटो र विधि हो । जसमा स्थानीय मानिसहरू समूहमा सङ्गठित भई आन्तरिक तथा अन्य स्रोतको परिचालन गरी सामूहिक प्रयासबाट स्थानीय समस्या समाधान गर्दछन् (यु.एन.डि.पि, २००२) । स्थानीय समस्या समाधान गर्नका लागि विभिन्न संगठन निर्माण र परिचालनका ढाँचाहरूको विकास हुने टालकोट पार्सन(१९३७) को तर्क यहाँ पनि  सान्दर्भिक देखिन्छ ।

योजनाबद्ध विकास र प्रयासद्धारा सामाजिक परिवर्तन निर्माण गर्ने मोडल अनुसार नै लक्षित सामाजिक समूहरूलाई संगठन–बचत–सीप र सक्रिय सहभागिताका माध्ययमद्धारा सामाजिक गरिबी न्यूनिकरणका र सामाजिक पूँजी निर्माणका लागि अभ्यासमा आएको विकास मोडललाई सामाजिक परिचालन मोडल भन्ने गरिन्छ । नेपालमा २०५० को दशकमा दक्षिणएसियाली गरिबी निवारण कार्यक्रमका माध्यमबाट यो मोडलको अभ्यास थालिएको थियो । त्यसो त विकास समाजशास्त्रमा समिक्षा गरिने केरला मोडल र ग्रामीण बैक मोडलको मिश्रित रूपमा विकास भएको समाज परिचालन मोडल लक्षित समूह सशक्तिकरण र सामाजिक पुंजी निर्माणका लागि प्रयोग भइरहेको छ । हाल सरकारी तवरमा स्वामित्व लिइएको यो मोडल सहभागितात्मक ग्रामीण विकास अभ्यासका नाममा गाउँ विकास समिति र जिल्ला विकास समितिहरूले सहजीकरण गरिरहेका छन् ।

ग्रामीण जनताको सक्रिय सहभागिता विना दीगो विकास हुन सक्दैन भन्ने मान्यताले जसरी भारतको केरला राज्यले स्थानीय स्रोत साधनको प्रयोगमा प्राथमिकता, शिक्षामा जोड, कृषि उत्पादनमा जोड, आयातित् बस्तुमा कमी निर्यातित् बस्तुमा प्राथमिकता नयाँ प्रबिधि र स्थानीय जनताको सहभागितामा स्थानीय सरकारी निकाय, नागरिक समाज, गैह्रसरकारी संस्था आदिको सयुंक्त प्रयासमा विकास सम्भव हुने उदाहरण बनेको भारतीय केरला राज्यको नमुना केरला मोडलका नामबाट परिचित छ । समाज परिचालन अभ्यास पनि यस मोडलसँग सामिप्यता राख्दछ । केरला विकासको नमुना जस्तै समाज परिचालन अवधारणाले पनि बिना औद्योगिक प्रदुषण, महिला शिक्षा, स्थानीय साधन स्रोतको प्रयोग र स्थानीय सीपको परिचालन गरी निर्यात र स्थानीय बजारलाई जोड दिएमा दीगो विकास सम्भव हुने कुरा ग्रामीण विकास अभ्यासका नाममा सरकारी तथा गैह्रसरकारी संस्थाहरूले अभ्यासमा ल्याएका छन् (फिसर, १९९४) ।

केरलाले अभ्यासमा ल्याएको यो मोडल हाम्रो जस्तो अल्पविकसित राष्ट्रका लागि अभ्यासमा ल्याउन सकेमा नेपालीहरूले पनि विकासको फल छिट्टै चाख्न पाउने थियौं । यसका लागि ग्रामीण समाज परिचालनको खाँचो पर्दछ । हाम्रो देशमा यो मोडलको अभ्यास छोटो समय एमालेको नौ महिने शासनमा “आफ्नो गाउँ आफै बनाऊ” भन्ने प्रर्यत्न त्यति सफल हुन भने सकेन तर यो अभ्यास केरला मोडलबाटै प्रभावित थियो (फिसर, १९९४) ।

यो आधार सयौं वर्षदेखि नै विभिन्न देशहरूमा विकास कार्य वा गरिबी निवारणका लागि विभिन्न रूपमा प्रचलनमा ल्याइएको छ । सङ्गठनको विकास, पूँजीको विकास, सीपको विकास, सामाजिक विकास, सामाजिक परिचालनको सैद्धान्तिक आधारमा मूल तत्वका रूपमा लिइन्छ । अर्थात सङ्गठन, बचत, सीप यी तत्त्वलाई समाज परिचालनका मूल मन्त्र पनि भनिन्छ । पारदर्शीता, जिम्मेवारीपन, सर्वसम्मत निर्णय प्रक्रिया यसको पोषक तत्त्वहरू हुन् । यी तीन पोषक तत्त्वहरू बिना सामाजिक परिचालन जीवित तथा गतिशील हुन सक्दैन (यु.एन.डि.पि, २००२) ।

सामाजिक परिचालन क्षेत्रहरू जस्तैः सामाजिक क्षेत्र, धार्मिक क्षेत्र, सांस्कृतिक क्षेत्र, आर्थिक क्षेत्र, राजनीतिक क्षेत्र आदि हुन् भने सामाजिक परिचालनका आधारभूत तत्वहरूमा सामुदायिक संगठनको निर्माण (संगठन), पूँजीको निर्माण (बचत), सीपको विकास (सीप) पर्दछन् (रा.यो.आ. २०५७:५८: ६०) ।

यसरी योजनाबद्ध समाज परिचालन मोडलका आधारमा पनि ग्रामीण क्षेत्रमा महिलाहरूको संगठन निर्माण र परिचालनका सथानीय आधारहरू विकसित हुदै गएको पाइएकाले यो शोध कार्यमा समाज परिचालन अवधारणालाई प्रेरक सैद्धान्तिक अवधारणाका रुपमा लिइएको छ ।

## २.२ नेपालमा समाज परिचालनको अभ्यास

नेपालमा सामाजिक परिचालन परापूर्व देखि हुँदै आएको छ । अधिकांश विकास कार्यक्रमको अभिन्न अंश भएको सामाजिक परिचालनलाई राष्ट्रिय गरिबी निवारण लक्ष्यका लागि योगदान गर्ने साधनको रूपमा दसौं पंञ्चवर्षीय योजना तथा तीन वर्षीय अन्तरिम योजनामा मान्यता प्रदान गरिएको छ ।

नेपालमा वि.सं. २०१३ सालमा टंकप्रसाद आचार्यको अध्यक्षतामा योजनाबद्ध विकासको सुरुवात भएको हो । यस पछि मात्र खासगरी सामाजिक, धार्मिक, सांस्कृतिक रूपमा मात्र सामाजिक परिचालन भएको हो । २०१३ सालपछि शिक्षा क्षेत्रको प्रवर्द्धन, यातायात क्षेत्रको विकास वन/जंगलको संरक्षण, खानेपानी तथा सिचाइ योजना सञ्चालन, एकल नेतृत्व शैलीमा समुदाय परिचालन जस्ता कार्यहरू भएका थिए । केन्द्रबाट योजनाहरूको तर्जुमा, सहकारीहरूको स्थापना, गाउँफर्क अभियान क्षेत्रगत निकायहरू जस्तैः खानेपानी स्थापना, सडक, सिंचाइ, वन आदि उपभोक्ता समूहको गठन भएको थियो । सुरुवातको समयमा हुनेखाने Elite वर्गको बोलवाला रहेको पाइन्छ र प्रथम चरणमा सामाजिक परिचालनमा जवाफदेहीता र पारदर्शिताको अभाव रहेको थियो ।

वि.सं. २०३३ देखि सामाजिक परिचालनको अवस्थामा सुधार आयो । यस समयमा ग्रामीण बैंकको स्थापना, साना, किसान विकास कार्यक्रमको प्रारम्भ, गैरसरकारी संस्थाहरूको विकास र विस्तार, स्थानीय शासन अवधारणाको विकास, ग्रामीण र निर्धन महिलाका लागि ऋण कार्यक्रम र दलित तथा पिछडिएको समूहमा विशेष जोड दिइयो । हाल आएर सामाजिक परिचालनलाई विकेन्द्रीकरणसँग आवद्ध गरिएको छ । सामाजिक परिचालनलाई गरिबी न्यूनीकरणको एक बलियो साधनका रूपमा पहिचान गरिएको छ । अनि गरिब समुदायसँग पुग्नका लागि विभिन्न राष्ट्रिय कार्यक्रमहरू जस्तैः गरिबी निवारण कोषको स्थापना स्थानिय विकासका कोष कार्यक्रम, एल.जी.सि.डि.पि कार्यक्रम आदि सञ्चालन गरिएका छन् ।

समाजमा रहेका सदस्यहरूलाई स्थानीय स्तरमा रहेका हरेक समस्याहरूलाई समाधान गर्नका लागि सहभागितामूलक ढङ्गबाट जिम्मेवारी दिने वा परिचालन गर्ने कार्यलाई सामाजिक परिचालन भनिन्छ । सामाजिक परिचालनले आम-नागरिकहरूलाई समूहमा सङ्गठित गरी सामाजिक, आर्थिक तथा सांस्कृतिक सशक्तिकरणका माध्यमबाट उनीहरूको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जनजीवनमा सकारात्मक परिवर्तनहरू ल्याउने प्रक्रियालाई जनाउँदछ । सामाजिक परिचालनले समूहका सदस्यहरू बीच आपसी सहयोग, सद्भाव विश्वास, समन्वय र सहकार्य वृद्धि गरी सामजिक पुँजी निमाण गर्न सहयोग पुऱ्याउँछ (यु.एन.डि.पि, २००२) . गरिबी न्यूनिकरणको लागि यस अबधारणाको सूत्रपात १८ औ शताब्दीमा जर्मनिबाट भएको मानिन्छ । सामाजिक परिचालबाट समाजमा छरिएर रहेका बिभिन्न प्रकारका ज्ञान, सीप, संगठन तथा एकै ठाउँ वा प्रक्रियामा समायोजन गर्दै अपेक्षित

नतिजा हासिल गर्ने गरिन्छ । सामाजिक परिचालनको विकास स्थानीय सहभागिता र स्रोतको प्रयोग गरी अपेक्षित प्रतिफल प्राप्त गर्नु यसको मूल मर्म रहेको छ । विभिन्न खालका समस्याहरूसँग जुद्दै ती समस्याको निराकरण आफै खोज्नको लागि यस अवधारणाको सुत्रपात परापूर्व कालदेखि हुँदै आएको छ । यो विकासको प्रक्रिया तलबाट माथि जाने प्रक्रियासँग सम्बन्धित छ । खास कुनै उद्देश्यका लागि समुदायका मानिसलाई संगठित गरी समुहमा आवद्ध गर्ने गरिन्छ । यस अवधारणाले  जनसमुदायमा आफ्ना कर्तब्य र जिम्मेवारीको वोध गराई बिशेष गरी विपन्न बर्गहरूका लागि माथि उठ्न सामाजिक सद्भाव युक्त बातावरणमा घुलमिल गराउँछ । यसले सामाजिक क्षेत्रका अधिकार र कर्तव्यलाई सम्बोधन गर्दछ । अहिले यस अवधारणाको अभ्यासले पुऱ्याउने महत्वलाई हृदयमंग गदै गरिबी निवारणलाई मुल लक्ष्य बनाएर तर्जुमा गरिएका दशौं र तीन वर्षीय योजनाले समेत सशक्तिकरण र सामाजिक रूपान्तरणको सामाजिक परिचालनलाई समेटेको पाईन्छ (यु.एन.डि.पि, २०५७) ।

गाउँकै परिवेशमा जीवन गुजारिरहेका महिलाहरू मूलतः विवाहित महिलाहरू छोरी छँदा भन्दा बुहारी बनेपछि कार्यबोझ बढी हुन्छ, प्रजनन् स्वास्थ्यमा समस्या थपिन्छ र घरेलु हिंसाको जोखिम पनि उच्च हुन्छ । त्यसैले महिला विवाहित भएपछि बढी बिभेदीत हुने हुनाले विवाहित महिलालाई लक्षित समूह ठानी समूहमा गोलबन्द गराउँदै सशक्तिकरण प्रक्रियामा सरिक गराईन्छ ।

टोलमा बनेका कम्तिमा पाँच भन्दा बढी समूहलाई  प्रतिनिधित्व हुने गरी वार्ड समूह समिति निर्माण गरिन्छ । प्रत्येक वार्डमा कार्यक्रम विस्तारसँगै गा.वि.स. स्तरीय महिला संस्था निर्माण गरिन्छ । महिला समूह, समिति र संस्थाले समुदायका महिलाहरूका मुद्दाहरूलाई उजागर गर्ने स्रोत सङ्कलन र परिचालन गर्ने, सामुदायिक परिचालन गर्ने तथा सामूहिक आयआर्जनका क्रियाकलाप समेत सञ्चालनबाट महिला, सशक्तिकरणका कार्य सुचारु रूपले सञ्चालन गरेका छन् । सामाजिक परिचालनलाई विकेन्द्रीकरणसँग आवद्ध गरिएको छ । यस कार्यक्र साधन, स्रोतको पहुँच नभएका विपन्न वर्गका लागि लक्षित गरेको छ ।

सामाजिक परिचालनमा समूहको निर्माण आवश्यक मानिन्छ । समूहमा सदस्यहरूबीच सीप आदान प्रदान, आफुसँग भएको साधन वचत तथा सोको आवश्यकताका क्षेत्रमा परिचालन गर्ने कार्य समूह र यसको नेतृत्वले गर्ने गर्दछ । समूहले सीप विकास, वचत (नगद मात्र

होईन) वृद्धि र लगानी (ऋण मात्र होईन) प्रवाह समेतबाट आफ्ना गतिविधि संचालन गर्दा नतिजाका लागि योगदान पुग्दछ भन्ने मान्यतालाई सामाजिक परिचालनको सिद्धान्तले स्थापित गरेको छ । यस सन्दर्भमा सङ्गठन, सीप प्रविधि र वचतलाई सामाजिक परिचालनका तीन आयामका रूपमा पनि हेरिन्छ ।

यिनै सैद्धान्तिक पृष्ठभूमीमा रहेर विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले आफ्ना गतिविधिलाई समाज सम्म पुऱ्याउने गरेका छन् । नेपाल सरकारले सञ्चालन गर्ने महिला विकास कार्यक्रमले समूह गठन, वचत सङ्कलन र परिचालन, प्रविधि तथा सीप विकास र हस्तान्तरण जस्ता कार्यहरू गर्दछ । महिला विकास कार्यक्रमले समाजलाई रूपान्तरण गर्ने प्रयासमा आफ्ना क्रियाकलापहरूलाई केन्द्रित गरी आएको छ (यु.एन.डि.पि, २०५७) ।

संस्थाहरूको क्षमता बढाउने र सामाजिक पूँजीको निर्माण सुदृढ हुने वातावरण सिर्जना गर्ने कार्य गरिन्छ । संस्थाहरूको क्षमता बढाउन र तिनलाई दरिलो राख्नको लागि संस्थामा लगानी, कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यस अन्तर्गत उत्पादन मूलक भौतिक पूर्वाधार, खास गरी खानेपानी सिंचाई, लघु विद्युत जस्ता साना, पूर्वाधार, निर्माणमा अनुदान उपलब्ध गराउने, आयमूलक कार्यका लागि स-साना व्यवसाय गर्न ऋण कर्जा उपलब्ध गराउने, सीप विकासका लागि सदस्यहरूको दक्षता वृद्धि गर्ने र ग्रामीण स्तरमा सेवा दिने, ग्रामीण विशेषज्ञ तयार गर्ने तालिम उपलब्ध गराउने सम्बन्धमा आधारित कार्यक्रमहरूमा सरकारी/गैरसरकारी, बैकिङ्ग क्षेत्र, निजी फर्मसँग सम्बन्ध जोड्न मद्दत गरी गाउँघरमै विभिन्न प्रकारका सामाजिक सेवा सुविधा उपलब्ध गराउने गरेको देखिन्छ ।

सामाजिक परिचालन एउटा गतिशील प्रक्रिया हो । समाज परिचालनको सन्देशले मानिसहरूलाई नयाँ कुरा सिकाउँछ । नयाँ ज्ञानले उनीहरूको परम्परागत सोचमा परिवर्तन ल्याउँछ । सोचाइमा परिवर्तन आएपछि उनीहरूको परम्परागत बानी व्यहोँरा समेत परिवर्तन भएर जान्छ । धेरै जसो मानिसहरूको व्यवहार परिवर्तन आउनु भनेको नयाँ परम्पराको सुरुवात हुनु हो । अर्थात  यसले गर्दा समाजमा नयाँ परिवर्तन संस्थागत भएर जान्छ । तर विभिन्न कारक तत्वहरूले  समाज गतिमान हुन्छ । जसले गर्दा लामो समयपछि संस्थागत भएको यो नयाँ परम्परा समेत विसंगतिपूर्ण हुन सक्दछ । सो को अनुभव भएपछि समाज परिचालनको सन्देश परिमार्जित रूपमा पुनः प्रवाह गरेर मानिसहरूलाई सिकाउनु पर्ने

आवश्यकता हुन्छ र यसरी यो चक्र घुमिरहन्छ । अतः समाज परिचालनको प्रक्रियालाई समाजको गतिसँगै सुधार गर्दै लैजानुपर्ने हुन्छ । सामाजिक परिचालन एउटा गतिशील र सहभागीतात्मक प्रक्रिया हो । यसले मुख्य गरी गरिब र सामाजिक रूपमा नसमेटिएका समुदायलाई दिगो, सामाजिक, सांस्कृतिक, राजनीति र आर्थिक रूपमा  सशक्तिकरण गर्दछ ।

गाउँ विकास कार्यक्रमको अवधारणा र रणनीति (२०५५) अनुसार "स्थानीय जनतालाई, आफ्नो संस्थाको रूपमा, आफ्नै वा अन्य स्रोत मार्फत विकास प्रवर्द्धन गर्नु र आफ्नो जीवनस्तर सुधार ल्याउने एवम् गाउँको विकास गर्ने निर्णय प्रक्रियामा सक्रिय र सहभागिताका लागि परिचालन गर्नु, गाउँ विकास कार्यक्रमको उद्देश्य हो । यसले संस्थागत विकास, आर्थिक विकासलाई कार्यक्रमका दुई महत्त्वपूर्ण अवयवका रूपमा लिएको पाइन्छ (स्वायत शासन कार्यक्रम, २०६३) ।

समुदायको विकासका लागि यदि जनतासँगै बस्दछन् र साझा सवालहरूमा हिस्सेदार हुन्छन् भने उनीहरू विकास निर्माणम एकसाथ काम गर्न पनि सक्छन् भन्ने मूल मान्यता राखिन्छ । यसका लागि विस्तृत एक बहुउद्देश्यीय सामुदायिक संस्थामा जनता आफै सङ्गठित हुनु हो ।

समूहका रूपमा आफै सङ्गठित भई राम्रो ढङ्गबाट आर्थिक उद्देश्य निरन्तर पुरा गराउने, गाउँका बासिन्दा सबैका लागि सामुदायिक संस्था एक सामूहिक थलो हो । एक्लै गर्न नसकिने काम कुनै व्यक्ति जब ऊ एक विस्तृत समूहमा सङ्गठित हुन्छ, ती समस्याहरू परिवारको सक्रिय सहभागितामा आधारित छ । सर्वसम्मतिको वातावरण साथै अगाडि हिड्न र समय अनुसारको सामाजिक पूँजी निर्माण गर्न सम्पूर्ण समाजकै लागि यो आवश्यक छ । सामुदायिक संस्थालाई विकास गर्नका लागि सामुदायिक बचतबाट पूँजीको सिर्जना र सीप विकासका उपायहरूको खोजी गर्ने गरेको पाइन्छ (यु.एन.डि.पि, २०५७) ।

सन् १९९१ मा सम्पन्न सार्क सम्मेलनले गरिबी न्यूनीकरणका लागि साझा रणनीति तयार गरी सो कार्यक्रमलाई अगाडि बढाउन एसियाली गरिबी निवारण आयोग गठन भई सन् १९९४ मा दक्षिण एसियाली गरिबी निवारण कार्यक्रम सुरु भएको र नेपालमा यस कार्यक्रमको सहयोगमा स्याङ्जा जिल्लाको अर्जुन चौपारी र श्रीकृष्ण गण्डकी गाविसका परीक्षण कार्यक्रमको रूपमा ग्रामीण संस्था विकास कार्यक्रम सुरु गरिएको थियो । उक्त

कार्यक्रमको सफलता र सिकाइबाट नेपालको सरकार  जिल्लामा पिडिडीपीमार्फत गाउँ विकास कार्यक्रम विस्तार गर्दै लगियो र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रममा सहभागितात्मक जिल्ला विकास कार्यक्रमका नाममा यो मोडलको अभ्यास थालिएको थियो ।

हाल सो कार्यक्रम अधिराज्यका ६६ जिल्लामा करिब ८ सय ८० गाविसमा सञ्चालन भएको छ । गाउँ विकास कार्यक्रम समुदायमा आधारित कार्यक्रम हो । यस कायक्रमले तीन मूल मन्त्र सङ्गठन, बचत र सीप विकासको माध्यमबाट ग्रामीण जनताको आय स्तर वृद्धि गरी ग्रामीण गरिबी हटाउन सकिन्छ भन्ने कुरामा मान्यता राख्दछ ।

सामाजिक परिचालनले विकासमा पुऱ्याउने योगदानको महत्वलाई अंगिकार गर्दै गरिबी निवारणलाई मूल लक्ष्य बनाएर तर्जुमा भएको नेपालको दशौं पञ्चवर्षिय योजना तथा तीन वर्षीय अन्तरिम योजना समेतले सशक्तिकरण र सामाजिक रूपान्तरणको प्रक्रियामा सामाजिक परिचालनलाई समेटेका छन् । सामाजिक परिचालनले जनसमुदायलाई आफ्नो कर्तव्य तथा जिम्मेवारीबारे बढी सचेत तुल्याउँदछ र विशेष गरी विपन्न समूहका लागि विद्यमान अवस्थाबाट माथि उठ्न र सामाजिक सद्भावयुक्त वातावरणमा घुलमिल हुन सहयोग गर्दछ । सामाजिक परिचालनलाई विकासका लागि सञ्चालित कार्यक्रहरूले लक्षित समूहलाई स्थानीय कार्यक्रम, सेवा र पुँजी परिचालनमा पहुँच पुऱ्याउनका लागि आवश्यक माध्यमका रूपमा प्रयोग गर्ने गरेका छन् । सामाजिक परिचालनको लक्ष्य सशक्तिकरण र सामाजिक रूपान्तरणको प्रक्रिया मार्फत जिविकोपार्जनमा सुधार ल्याउने तथा उपयुक्त सेवा आपूर्तिको वृद्धि गरी जनजीवनमा सुधार ल्याउनु हो । यसरी नै यसले विपन्न समूहरूलाई स्थानीय कार्यक्रम, सेवा र विकास कोषमा पहुँच पुऱ्याउनका लागि आवश्यक सम्बन्ध स्थापना गर्न र आफ्ना निर्दिष्ट मुद्दा, सरोकारका विषय र सबै क्षेत्रका अधिकार सम्बोधन गर्न सहयोग गर्दछ (यु.एन.डि.पि, २०५७) ।

**सामाजिक परिचालनका प्रचलित प्रणालीहरू**

सामाजिक परिचालन प्रक्रियामा अवलम्बन गरिने विधिका आधारमा यसलाई मुख्यतः २ वटा प्रणालीमा राखेर हेर्ने गरिएको छ । यो विनियमय तथा पुँजी परिचालनका दृष्टिकोणले अवलम्बन गरिने प्रणाली हो । यसमा कारोवारीय प्रणाली र रूपान्तरणीय प्रणाली अभ्यासमा रहेका छन्  ।

कारोवारीय प्रणालीमा समुदायमा छरिएर रहेका स्रोत तथा साधनलाई कम आवश्यकता भएका समुदायको सदस्यबाट बढी आवश्यकता भएको सदस्यमा हस्तान्तरण गर्नका लागि आवश्यक विनिमयका उपायहरू पर्न आउँदछन् । लक्षित समुदायलाई समूहमा सङ्गठित गरी समूहका लागि निश्चित योगदान (वचत) गर्न प्रेरित गर्ने र यसरी समूहमा प्राप्त योगदान समूहले निर्धारण गरेको विधि अनुरूप आवश्यकता भएकाहरू सम्म प्रवाह र पूनः प्राप्ति गर्दै नियमित रूपमा परिचालन गर्ने कार्य यस प्रणाली अन्तरगत पर्दछ । यो प्रणाली समूहका सदस्यको आवश्यकता पुरा गर्न र जिविकोपार्जन सुधार्न सामान्यतया सफल भएको छ ।

रूपान्तरणीय प्रणाली अन्तर्गत विकासका लागि समाजमा विद्यमान संरचना, सामाजिक शक्ति सन्तुलन, आर्थिक स्वरूप, सांस्कृतिक मूल्य र मान्यताहरूमा सुधार तथा आधुनिकरणका उपायहरूको अवलम्बन आवश्यक हुन्छ । समाजका सबै सदस्यहरूले यस्ता उपायहरूमा एकल पहल गर्न नसक्ने भएकोले सामाजिक प्रयत्नका आधारमा विकास प्रक्रियामा मुल प्रवाहिकरण हुने गरी सामाजिक परिचालन गर्ने कार्यालाई यस प्रणालीले समेट्दछ । सामाजिक परिचालनको यस प्रक्रियामा यथास्थितिबाट सुधार, परिमार्जन र विकास भएको अवस्थामा पुग्ने लक्ष्य राखी आवश्यक क्रियाकलाप संचालन गरिन्छन् । सचेतना र सशक्तिकरणको माध्यमबाट स्थानीय तथा राष्ट्रिय संयन्त्रहरूको उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्ने सम्मको सक्षमताका लागि यसले पैरवी गर्दछ । अर्थात रूपान्तरणीय सामाजिक परिचालनले समाजलाई नयां मूल्य, मान्यता सहित सवल र सशक्त गराउन मद्दत पुऱ्याउँदछ । सामाजिक परिचालनमा प्रयोग गरिने दुई प्रणालीका बीचमा मुल भिन्नताहरू यस प्रकार छन् ।

**तालिका २.१**

**सामाजिक परिचालनका प्रणालीहरू**

| रूपान्तरणीय प्रणाली | कारोवारीय प्रणाली |
|---|---|
| प्राथमिकताः<br>सचेतना, सशक्तिरण, समान पहूँच, सामुहिक लक्ष्य निर्धारण आदिका माध्यमबाट विद्दमान सामाजिक संरचनामा सुधार गर्न प्राथमिकता दिन्छ । | प्राथमिकताः<br>सेवा, आपूर्ति, सम्पति सिर्जना, कोष प्रवाह, वचत तथा ऋण र सीप परिचालनमा प्राथमिकता रहन्छ । |
| प्रक्रियाः<br>यथास्थितिबाट सुधार, परिमार्जन र विकास भएको अवस्थामा पुने लक्ष्य प्राप्त गर्न सचेतना, सशक्तिकरण र स्रोत साधन तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता । | प्रक्रियाः<br>सामाजिक नक्सान्कन र सम्पन्नता स्तरिकरण जस्ता विश्लेषणात्मक विधिबाट आवश्यकताको पहिचान र तदनुरूप स्रोत व्यवस्थापनका लागि साधन प्राप्ति र परिचालन । |

(यु.एन.डि.पि, २००२)

कपिलबस्तु जिल्लाका महिला संगठनहरू समयपरिस्थिति अनुसार परिवर्तन भएका हुदा यहाँ सामाजिक परिचालनका २ प्रणालीहरू मध्ये रूपान्तरणीय प्रणालीको प्रयोग बढी भएको देखिन्छ । रूपान्तरणीय प्रणालीले सचेतना र सशक्तिकरण गदै स्थानीय स्रोत साधन र निर्णय प्रक्रियामा सबै जन्ताको सहभागिताको पहुचलाई आत्मसाथ गरेको छ । यहाँ हामी महिलाहरू कसरी संगठित हुन्छन् र के–के कारणले परिचालित हुदा रहेछन् भनेर अनुसन्धान  गर्न खोजीएको हुदा हाम्रो अध्ययन रूपान्तरणीय प्रणालीको बढी नजिक देखिन्छ ।

## २.३ नेपालमा महिला समुह र सामाजिक आन्दोलनको ऐतिहासिकता

आमा समूहको उत्पत्तिको गुरुङ समूदायसँग सम्बन्धित छ भनिएतापनि सबै अनुसन्धान कर्ताहरूले विभिन्न मत तथा विचारहरू प्रस्तुत गरेका छन् । आमा समूहको अनुसन्धान गर्ने क्रममा जस्तैः विस्ट (१९८०), शर्मा (१९९७) का अनुसार भाडामा राखिएका सिपाहीहरू त्यो देशका आम्दानीका मुख्य स्रोत थिए । विशेष गरेर गुरुङ, मगरहरू गोर्खा सिपाही भनेर

ब्रिटिश, मलेशियन र इण्डियामा क्षमतावान वा बहादुरीका रूपमा चिनिन्छन् । गुरुङ, मगर समुदायका युवाहरू यसरी नै भर्ती हुने क्रमले गर्दा उनीहरूको समुदायमा महिला र पुरुष बीचको समानता कायम हुन सकेन र तन्नेरी महिलाहरूको सङ्ख्या बढी र तन्नेरी पुरुषहरूको सङ्ख्या कम भयो जसले गर्दा गर्नुपर्ने जिम्मेवारी धेरै हुन पुग्यो । यसै क्रमले अहिले पुरुषहरू भर्ती हुने क्रमले र जिम्मेवारी थपिँदै जाँदा अप्ठ्यारो परिस्थिति पनि थपिदैं गयो । त्यसैले एक अर्काको सहयोगका लागि उनीहरूले काममा र व्यवहारमा अप्ठारोलाई सजिलो होस भनेर महिलाहरूको समूह निर्माण गरे । त्यही समूहलाई नै आमा समूह भनेर नामांकरण गरियो । तत्कालिन समयको आवश्यकता पूर्ति हुनुको साथै महिला सशक्तिकरण, एकता तथा समाज निर्माणको लागि सहयोग भयो (लिङ्गदेन, २००८, ४) ।

केही साहित्यहरूमा गुरुङ समुदायको रोदी खेल्ने परम्परा पनि आमा समूहबाटै नै प्रचलित भएको तथ्य अनुसन्धानबाट ल्याएका छन् । रोदी एउटा त्यस्तो ठाउँ हो जहाँ साँझ वा रातिको समयमा गुरुङ, मगर समूदायका तन्नेरी केटाकेटीहरू सिलाइ गर्ने र बुन्ने काम सँगै नाच्ने, गाँउने गरेर रमाईलो गर्दछन् । समयको अन्तरालसँगै रोदी संस्कृतीको महत्व हराउँदै यसको साथै आमा समूह संस्थाको स्थापना भएको छ (गुरुङ , १९९८) । तर (Okamura, 1999) ले रोदी आमा समूहबाट उत्पत्ति नभएको भनी विमति अथवा अस्विकार गरेका छन् । उनको भनाई अनुसार आमा समूह पहिलो पटक अर्न्तराष्ट्रिय महिला दिवश सन् १९७५ बाट उत्पत्ति भएको तथ्य प्रस्तुत गरेका छन् ।

यसको मुख्य उद्देश्य महिलाहरूको सामाजिक, आर्थिक स्तरलाई माथि उठाउनु वा बृद्धि गर्नु हो । ति सामाजिक सेवाहरू राष्ट्रिय समन्वय परिषद्मा पर्दछन् । आमा समूह विभिन्न क्रियााकलाहरूसँग सम्बम्धित छ । जस्तैः परियार नियोजन, स्वस्थ्य, शिक्षा र महिलाको आयस्रोत वृद्धिसँगै महिलाको सामाजिक र आर्थिक विकास गर्दछ । महिला समितिको धारणालाई वरिवर्तन गरेर आमा समूहले धेरै लोकप्रियता पाएको छ । स्वास्थ्य मन्त्रालय र अरु संस्थाहरूले यसलाई फराकिलो दायराले हेरेको र यसले आमा समूह साथै महिला विकासको कुरालाई सन्देश दिएको छ ।

स्थानीय महिला संगठनका रुपमा सबल पहिचान बनाउन आमासमूहको अवधारणा गण्डकी अञ्चलका गुरुङ समूदायबाट भएको तर्क गुरुङ (गुरुङ, १९९८)ले गरेका छन् । अन्नपुर्ण संरक्षण क्षेत्र योजनाको सन्दर्भमा उनको यो तर्क निर्माण भएको पाइएको छ ।

आमा समूहको निर्माण ऐतिहासिक रूपमा गुरुङ समुदायबाट भएता पनि तत्काल यो संस्था सम्पूर्ण जात र जातीयतामा विस्तारित भउको दाबी शर्मा (शर्मा, १९९७)को छ । शर्माले पर्वत जिल्लाको एक अध्ययन अनुसार आमा समूह दुई प्रकारका रहेको तथ्य प्रस्तुत गरेका छन् । उनका अनुसार आमा समूहको निर्माणमा प्रेरक तत्व वा प्रक्रियाहरू यस्ता छन् : आफ्नो प्रेरणाले उत्प्रेरित भएर वा अरुको प्रेरणाले उत्प्रेरित भएर निर्माण भएका छन् । हो यहि अरुको सहजीकरणमा समूह निर्माण र योजनाबद्ध विकासमा परिचालित हुने अभ्यास नै समाज परिचालन अभ्यास हो ।

आमासमूह उत्पत्तिको सन्दर्भ गुरुङ, मगर समुदायका महिलाहरूमा श्रीमान् विदेशीएका कारण आफ्नो काधमा जिम्मेवारी थपिएकाले सङ्गठनमा आवद्ध भएमा काम गर्न सजिलो हुने हुदा सङ्गठनमा सङ्गठित भएका हुन भन्ने तथ्य विभिन्न अनुसन्धानहरूले वाहिर ल्याएका छन् ।

आमा समूहको उत्पत्तिको सर्न्दभलाई हेर्ने हो भने वि.स.२०५१ साल बाट सुदुरपश्चिममा सङ्गठित राजेश्वरीको महिला सङ्गठन नै नेपालमा सर्व प्रथम वैधानिक सङ्गठन मानिन्छ । त्यसै गरि विभिन्न कारण र समस्याहरूसँग जुध्नका लागि महिलाहरू सङ्गठित भएका छन । आमा समूले सामान्य गाउँ टोल सुधार गर्ने देखि लिएर महिला विरुद्ध हुने हिम्साको निम्ति न्याय दिलाउने, समुदायमा विकास निर्माण कार्यक्रम गर्ने, भैपरि आएको कामहरू समेत सुल्झाउने गरेको पाइन्छ । यो त्यस्तो संस्था हो जहाँ राजनिति दलको गन्ध मिसिएको हुदैन । सङ्गठनमा आवद्ध गराउने दुइ ओटा प्रेरक तत्व छन् ।

१. स्वयम विवेकले
२. अरुको देखासिकी

आमा समूह यस्तो संस्था हो जहाँ सदस्यहरूको कुनै निश्चत सिमा तोकिएको हुँदैन विवाहित सम्पूर्ण पेसा, जात, धर्म, उमेर, वर्ग संस्कृतिका व्यक्तिहरूका लागि साझा र खुल्ला साङ्गठनिक संस्था हो । यसमा सङ्गठित महिलाहरू सानो छलफलको भरमा आफ्नै स्रोत जम्मा गरी सिप परिचालनको अभ्यास गरेका छन र आर्थिक सामाजिक र शैक्षिक रूपमा केहि समृद्ध वनेका छन् ।

आमा समूहको विशेषताहरू देहाय वमोजिम छन् ।

- अरुको प्रेरणा पाएर अथवा आफै उत्प्रेरित भएर
- सहभागिताको प्रक्रियाबाट समूहको छलफल अनुसार काम गर्ने स्थानीय संस्था
- स्वतन्त्र रूपमा योजना बनाएर काम गर्न सकिने
- आफ्नै स्रोतहरू जम्मा गरी परिचालन गर्ने
- दैनिक कार्यका लागि अर्काको सहयोगको आशा नहुने
- आफुलाई पनि सहयोग लिन पाईने र अरुलाई पनि सहयोग दिन पाईने
- ज्ञान, तरिका, सिप र क्षमताको विकास हुने
- कुनै राजनैतिक दलको ठाडो संलग्नता नभएको अथवा राजनैतिक गन्ध नमिसिएको स्वतन्त्र सङ्गठन
- आर्थिक रूपमा, संस्थागत रूपमा, व्यस्थापन पक्षमा सम्बन्धित भएको
- पुरै क्षमता, योग्य र आर्थिक मजबुद नभए पनि तिनीहरूको गुणस्तरीयतामा सुधार

प्राचीन समाजमा नारीलाई देवी सरह श्रद्धा, सम्मान र आदारका दृष्टिले हेरिने गरिएकोमा मध्यकालमा निरन्तरता नपाएको र झन् दमन, अन्याय, अत्याचार बढेको, क्रमशः पितृसतात्मक समाजको अधिपत्य बढ्दै गएको पाइन्छ । प्राचीन कालमा विभिन्न बिदुषीहरूले धर्मको व्याख्या तथा साहित्य क्षेत्रमा कलम चलाउने र बहश गर्ने चलनको सट्टा मध्य युगमा आएर नारीहरू पूर्णरूपमा शिक्षा लिनबाट बञ्चित गराईने अवस्थाको सिर्जना हुँदै सतिप्रथा जस्तो अमानवीय प्रथाको सिकार हुन पुगेको पाईन्छ । मृतक पतिको लाशसँगै जिउँदै जलेर मर्नुपर्ने जस्तो घिनलाग्दो सामाजिक संस्कार रहेको मध्यकालीन युगलाई नै महिला माथि भएको चरम शोषण र विभेदको कालो युगको कालखण्डको रूपमा परिचित हुन पुग्यो । वि.सं. १९७७ मा प्रधानमन्त्री चन्द्र शमशेरले सतिप्रथाको अन्त्य भएको घोषणा गरे पश्चात् नेपाली समाजमा पनि महिला हकहित र समानताको क्षेत्रमा बामे सार्दै अगाडि बढीरहेको पाइन्छ (लुईटेल, २००३) .

नेपालको इतिहासलाई हेर्दा नायकदेवी राजेन्द्रलक्ष्मी, राज्यलक्ष्मी, त्रीपुरा सुन्दरी जस्ता बिराङ्गना नारीहरूको बिशिष्ट स्थान रहेको पाइन्छ । १४ डिसेम्बर १९५५ इश्वी संवतमा नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्यता रहेपछि महिलाहरू माथि रहेको शोषण, अन्याय, अत्याचार र विभेदलाई हटाउँदै उनीहरूलाई विकासमा सहभागिता गराउनु पर्ने भावना जागृत हुँदै आएको हो । राणा बिरोधी आन्दोलनमा केही प्रबुद्ध नेपाली महिलाहरू योगमाया, मंगलादेवी, साहना प्रधान, आदिले आन्दोलनमा भाग लिएका थिए । महिला स्वतन्त्रता, समानता, आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक हक अधिकारको माग राख्दै महिलाहरूले आवाज उठाउँदै आएको पाइन्छ । नेपालमा वि.सं. २००४ देखि मार्च, ०८ अन्तर्राष्ट्रिय नारी दिवस मनाउन सुरु भएको हो । नेपाल सरकारको बैधानिक कानून २००४ मा अधिकारहरू महिला पुरुष दुवैलाई समान रूपमा प्रयोग गर्न पाउने व्यवस्था रहेको र वि.सं. २००५ मा महिला सङ्घको स्थापना भएको थियो । नेपालको अन्तरिम शासन विधान, २००७ मा महिला र पुरुषलाई समान अधिकार दिएको वि.सं. २०१३ मा महिला स्वावलम्बनका लागि काठमाडौँमा गृह विज्ञान तालिम केन्द्रको स्थापना भएको थियो । वि.सं. २०१५ मा जन-प्रतिनिधित्व सम्बन्धी ऐनले महिला पुरुषलाई निर्वाचन क्षेत्रमा समान अधिकार प्रदान गरेको थियो । नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान, २०१९ ले महिलाको हकहित संरक्षणको विशेष व्यवस्था गरेको थियो । वि.सं. २०१७ साल पछि पञ्चायती व्यवस्थामा पञ्चायत अन्तर्गत महिला सङ्गठनको व्यवस्था गरिएको थियो (वि.सं. २०२० मा नयाँ मुलुकी ऐनको घोषणा पछि कानुनी रूपमा छुवाछुत, जातिपातीलाई अन्त्य गर्नुका साथै बालविवाह, अनमेलविवाह, बहुविवाहलाई गैर कानूनी घोषणा गरिएको तर व्यवहारमा लागु नभएको । सन् १९७५ देखि १९८५ सम्म अन्तर्राष्ट्रिय नारी दिवस मनाई महिला चेतना जागरण तथा विकास सम्बन्धी नेपाल अधिराज्यको संविधान, २०४७ ले महिला हकहितका लागि विशेष व्यवस्था गरेको थियो (लुईटेल, २००३) .

नेपाली महिलाहरूले नालापानीको युद्धमा अंग्रेजी तोप र गोला बारुदको बदला खुकुरी र ढुङगाको भरमा लडि विरताको प्रदर्शन गरेका थिए । समय समयमा महिलाहरूले आ-आफ्ना क्षेत्रबाट नारीजागरणमा योगदान दिएको कुरा ईतिहासमा छ । नेपालमा परम्परादेखि नै सामुदायिक तहमा जनता केन्द्रित विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको पाइन्छ । जनकेन्द्रित विकास सिद्धान्त र रणनीतिको चर्चा गर्दा विकासमा संलग्न परम्परागत सङ्घ सङ्गठनहरूलाई पनि ध्यान दिनुपर्दछ । यस्ता सङ्घ, संस्था तथा सङ्गठनहरूले आफ्नै

ढङ्गले कुलो बनाउने, नहर खन्ने, पाटी पौवा निर्माण गर्ने, बाटो बनाउने, श्रमको विनिमय गर्ने गर्दछन् । नेपालमा राणा काल भन्दा अगाडिका साथै सात साले राजनैतिक परिवर्तन भन्दा अगाडि नेपाल भित्रै बुनाई, सिलाई, कटाई, खानेपानी, बाटो, वनको उपयोग, संरक्षण, पाटी, पौवा, बिहार, अनाथालय, खानी, भाँडा, कुँडा, कुलो, बाँध, राडी, पाखी, काम्लो बनाउने (अहिले सम्म पनि जुम्ला, हुम्ला, कालिकोट, काठमाडौँ आदी ठाउँमा छ ), सिंचाई, सांस्कृतिक समारोह, प्राकृतिक स्रोत र साधनको परिचालन, उपयोग, वितरण, सञ्चालन, संरक्षण, संवद्धनसँग सम्बन्धित विकासका कार्यहरू, दण्ड सजाय सम्बन्धी नीति नियमहरूको निर्माण त्यसको कार्यान्वयन जस्ता कुराहरू जनस्तरको छलफल, कचहरी, भेला आदिबाटै हुन्थ्यो । यसमा सरकारको कुनै सम्बन्ध नै हुन्थेन (शर्मा, २०६७) ।

सन् १९८२ मा विकेन्द्रीकरण ऐन अन्तर्गत विकासमा उपभोक्ता समूहको गठन गर्ने अवधारणालाई जोड दिइएको थियो जुन जनता एवं समुदाय केन्द्रित रहेको छ । नेपाली समुदायमा रहेका मौलिक संस्थाहरू (भेजा, गुठी, रोदी, पर्म आदि) ले समुदायका विभिन्न क्रियाकलापलाई सञ्चालन गर्न लामो समय देखि योगदान दिंदै आएको पाइन्छ । पाटी, पौवा, भोजभतेर, सांस्कृतिक कार्यक्रम, आर्थिक कार्यक्रम, पर्व, जात्रा, जन्म, मृत्यु, संस्कार आदीको कार्य गर्दै आएको पाइन्छ । तर आज यो सबै संस्थाहरूले ग्रामीण विकासका विभिन्न जागृतिमूलक कार्यक्रम, आयआर्जन एवं सांस्कृतिक र स्वावलम्बी कार्यक्रमहरूमा जनतालाई केन्द्रविन्दुमा राखेको पाइन्छ (लुईटेल, २००३)।

## २.४ नेपालमा महिला समूहका सामाजिक आन्दोलनहरू:

नेपालमा नारी आन्दोलनका विगत र वर्तमानका सन्दर्भमा चर्चा गर्नेहरूले विश्वनारीवादी आन्दोलन, खासगरि पश्चिमा राजनीतिक तथा औद्योगिक मजदुर आनदोलनको अनुकरणका बारेमा चर्चा गर्दै आएका छन् । कतिपयले नेपाली महिला आन्दोलका सवालमा राजनीतिक दलीय समूहका महिला सेलका क्रियाकलाप नै नेपाली महिला आन्दोलनको रूप हो भनेर राजनीतिक दलकै बजारीकरणमा लाग्ने गरेको देखिएको छ । नेपालमा महिला समूहहरूले राजनीतिक दलीय संलग्नता नरहेको र शुद्ध महिला हित र मुक्तिका सवालमा विशिष्ट पहिचान बनाएका सामाजिक आन्दोलनहरू पनि भएका छन् । यी आन्दोलनहरूले समाज परिचालनका माध्यमद्वारा महिलाहरूको सङ्गठन निर्माण र सामाजिक गरिवीका विरुद्धको

आन्दोलनका रूपमा आफुहरूलाई सक्रिय बनाइरहेका छन् । नेपाली महिला समूहहरूको मौलिक सामाजिक आन्दोलनले चार वटा विशिष्ट आयामहरूलाई स्थापित गरिसकेका छन् । योगमायाको भक्तिनी आन्दोलन, राजेश्वरीको आमा समूह आन्दोलन, लीली थापाका एकल महिला आन्दोलन र बारा तथा विराटनगर क्षेत्रमा चलेको बेटी बचाओ आन्दोलन, यी चार प्रकारका महिला सामाजिक आन्दोलनले महिला सङ्गठन निर्माण र परिचालनका सबालमा नेपाली पहिचान निर्माण गरेका छन् (बराल, २०१५) ।

### क) योगमायाको भक्तिनी आन्दोलन

घटना र चार फरक शैलीका आन्दोलनका अगुवा महिलाहरूले आफ्नो ऐतिहासिक पहिचान स्थापित गरिसकेका छन् । राणाकालको जगजगीमा वि.सं १९२४ तिर भोजपुरको कुलुङ्ग मजुवा बेसीमा जन्मेकी योगमाया न्यौपानेले सनातन हिन्दु वर्णाश्रम र सामन्ती राज्य व्यवस्थाका कारण महिला र निर्धो नागरिकहरूले भोग्नु परेका पीडाका सबालमा जुन दबाबमुलक सङ्गठन र विद्रोहको निर्माण गरेकी थिइन, त्यो तात्कालिन समयको मौलिक धरातलीय परिस्थितिमा विकास भएको थियो । योगमाया भक्तिनीका नामले परिचय बनाएकी यी विद्रोही महिला प्रखर वक्ता र काव्य क्षमताकी पनि थिइन् (अजीज, २०५८ : ५०–५१) ।

त्यसबेलाको सामाजिक सांस्कृतिक मान्यतालाई चुनौती दिदै भक्तिनी आन्दोलन चलाएकी योगमाया वि.सं. १९९८ कार्तिक १४ गते हरिशयनी एकादशीमा सामाजिक र राजकीय सत्ता अधर्मी र ढाँटहरूको घेरामा रहेको उँद्घोष गर्दै ६८ जनाले अरुण नदिमा सामुहिक देहत्याग गरेको घटना विश्वमै नयाँ र अनौठो थियो । उनीहरूले महिला विभेदका विरुद्धमा जस्तो खालको विद्रोहको इतिहास बनाएका थिए, त्यतिबेला सान्सारिक सम्बन्ध नामक बन्धन तोडेर जसरी स्वतन्त्रताका लागि सन्यास विधि अपनाएका थिए, त्यस विद्रोहको दार्शनिक पक्ष पनि विचित्रको देखिन्छ ( बराल, २०१५: १२ ) ।

योगमायाले महिला हकहितका लागि आफ्ना मागहरू पुरा गराउन अध्यात्मवादी बाटो समाएर भिक्षुणी आन्दोलन निर्माण गर्न जसरी आध्यात्मिक अभिप्रेरणाको प्रयोग गरिन यहि अभियानलाई योगमायाको भिक्षुणी आन्दोलन भनेर चिनिन्छ । प्रथम नेपाली सन्तकवयित्री भनेर चिनिने योगमाया राणाकालिन निरंकुश जहानीया शासनमा राजनैतिक तथा समाज

सुधारका लागि आवाज उठाईन् । सामाजिक असमानता, भेदभाव, छुवाछुत, रुढिवादी संस्कार, कुरिति, शोषण, उत्पीडन, घुसखोरी, सति प्रथा, दासदासी प्रथा, कट्टर ब्राह्मणवाद आदिको विरोधमा आवाज उठाउने योगमाया नै थिइन् ।

उनले 'सत्य धर्म भिक्षा' का नाममा विसं १९९३ मा काठमाडौं आई तत्कालिन राणा प्रधान मन्त्री जुद्धसमशेरलाई भेटी २ सय ६८ माग सहितको अनुरोध पत्र बुझाएकी थिइन् । ति मागमा महिला हितका निम्ति कल्याणकारी सामाजिक सुधार होस, राणाशाही अत्याचारको अन्त्य होस, पुरोहितवादको अमानवीय चलन खारेजी गरियोस भनीएको थियो (ककस, २०७० : १३–१५) ।

**ख) राजेश्वरीको आमा समूह आन्दोलन**

त्यस्तै गरि अर्को मौलिक महिला आन्दोलन सुदुर पश्चिम नेपालमा भएको पाइन्छ । विं सं. २०५१ देखि ५५ सालमा सुदुर पश्चिममा महिलाहरू सङ्गठित हुदै आमा समूह निर्माण गरी गाउँ गाउँमा जुवा तास मदिरा नियन्त्रणका लागि दबाब दिनका लागि जुन सङ्घर्ष गरेका थिए, त्यको प्रभावमा स्थानीय प्रशासनले सुक्खा क्षेत्र घोषणा गरेर सामाजिक व्यभिचार र महिला हिंसा नियन्त्रणका लागि मदिरा निषेधित क्षेत्र घोषणा गर्नु परेको थियो । त्यो आन्दोलनको प्रभावस्वरूप पश्चिम पहाडका जिल्ला हुदै पूर्व नेपालका ग्रामीण वस्तीहरूमा पनि आमासमूह नामका दबाब समूहहरू निर्माण हुने र आयआर्जनका लागि  क्रियाशील हुने गरेका छन् ।

यो मौलिक महिला आन्दोलनका अगाडि त्यतिबेलाका जनयुद्ध संचालकहरू पनि होचा देखिन्थे र आफ्नो लोकप्रियता निर्माणका लागि त्यो आन्दोलनको अनुकरण गर्न थालेका थिए । त्यो आन्दोलनको सर्जक र अगुवा महिला राजेश्वरी सिंह ठकुरीले कैलाली जिल्लाबाट सुरु गरेको आन्दोलनले लिएको उचाइलाई सम्मान गर्दै पारिजात सङ्घर्षशील पुरस्कार २०५५ प्रदान गरिएको थियो । यो आन्दोलन निर्माणका लागि राजेश्वरीले जस्तो सङ्घर्ष गर्नु पर्यो , आफ्नै परिवार र आफन्तका विरुद्ध नै लक्षित हुदै जिल्लाका हरेक गाउँमा महिला दबाब समूह निर्माण गर्दै स्थानीय अधिकारीलाई दवाव सिर्जना गर्न कस्तो प्रक्रिया अपनाउनु पर्यो भन्ने विषय त समाजशास्त्रीय अनुसन्धानको विषय नै हुन सक्छ (बराल, २०१५: १३) ।

वि.सं.२०५०को दशक मा कैलाली जिल्लाबाट आमा समूहलाई बैधानिक सङ्गठनको रूपमा विकास गरी स्थानीय शान्ति सुरक्षा अमन-चयन कायम गर्न दबाव आमा समूहलाई दबाव समूहका रूपमा विकास गरी प्रमुख जिल्ला अधिकारीलाई सक्रिय बनाई जिल्लालाई जुवातास, रक्सी, कारोबार नियन्त्रण गरी सुख्खा क्षेत्र घोषणा (Dry Area) निर्माण गर्न दवाब दिने भूमिका निर्माण गरेको थियो । यसको फलस्वरूप नेपालभरी आमा समूहको गठन र वैधानिक दर्ताको अभियान सुरु भएको हो । यसको लोकप्रियताले गर्दा त्यति बेलाका अन्य दबाव समूहहरूले पनि यो एजेण्डालाई साथ दिए । समाजमा महिला विकासका लागि आमा समूको निर्माण र विकास साझेदारका रूपमा समाज परिचालनका मोडलहरूको अनुकरण गरी सङ्गठन, वचत र सीप विकास तथा उद्यमशीलता परिचालन एवं महिला सशक्तिकरण गर्ने अभियान स्थापित गरेको छ ।

**ग) लीलीको एकल महिला आन्दोलन**

तेस्रो प्रकारको अर्को मौलिक महिला आन्दोलन वि.सं. २०६० पछि गणतन्त्र नेपालको निमार्णसँगै शहरी क्षेत्रबाट सुरु भएको पाइन्छ । विधवा महिलाहरूले भोग्नु परेका पीडा र सांस्कृतिक विभेदका विरुद्ध संगठित त्यो आन्दोलन एकल महिला आन्दोलनका नामले चिनिन्छ । लीली थापाको अगुवाइमा सञ्चालन भएको यो आन्दोलन पनि यति लोकप्रिय हुदै विस्तारित भयो कि शहर मात्र होइन ग्रामीण क्षेत्रमा पनि विधवाहरूले रातो पहिरन लगाउने लहर नै चलायो । यसको उपलब्धी पनि जीवन्त र निरन्तर छ (बराल, २०१५ : १३ ) ।

विश्वभरी नै आतंक, युद्ध जस्ता बिविध कारणले तन्नेरी बिधवाहरूको सङ्ख्या बढी रहेको र समाजमा विधवाहरूले विभेदको सामाना गर्नुपरेको सन्दर्भमा लीली थापाले एकल महिलाहरूलाई भेला गरी उनीहरूका हक अधिकारका कुराहरू अगाडि सार्दै **मानव अधिकारको लागि महिला, एकल महिला समूह** नामको सङ्गठित प्रयास थालेकी थिइन् । त्यही विधवा महिला आन्दोलनले एकल महिला आन्दोलनको पहिचान निर्माण गरिरहेको छ । सन् १९९१ को खाडि युद्धमा संयुक्त राष्ट्र सङ्घको शान्ति संरक्षक रहदाको क्रममा आफ्ना श्रीमान गुमाएकी लीली ३ वटा छोराहरू सहित आफु विधवा (एकल) हुन पुगिन् । त्यति बेला परिवार भित्रबाटै असामानता तथा भेदभाव सहनु परेको र बाहिरी संसारसँग घुलमिल नरहेकाले त्यसको अभावले गर्दा पनि उनलाई निकै अप्ठेरो भोग्नु परेपछि सन् १९९४मा

नेपाल सरकार, महिला मन्त्रालय, बाल तथा समाज कल्याण परिषद् अन्तरगत उनको संस्था मानव अधिकारको लागि महिला एकल महिला समूहको नाममा एक गैर सरकारी संस्थाको रूपमा, औपचारिक रूपमा काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो । (www.whr.org.np) त्यसपछिका वर्षहरूमा उनले लगातार रूपमा स्थानीय स्तर, राष्ट्रिय तथा हाल विश्वव्यापी सवालको रूपमा रहेको एकल महिलाको अधिकारको कुरालाई वकालत र पैरवी गर्दै आईरहेकी छिन् (रेग्मी, २००६) .

सन् १९९८ देखि लीली पहिलो नेपाली महिला जसले हिन्दु धर्म भित्रको एकल महिला सम्बन्धी नकारात्मक अर्थ लाग्ने वेश्या, बोक्सी, अलच्छिनी, चुडालका नामका विषय र सवालका विरुद्धमा काम गर्ने महिलाको रूपमा परिचित भईन् (रेग्मी, २००६) । त्यसैले लीली थापा नै त्यस्तो अगुवा हुन् जसले नेपाली समाजमा विधवा (एकल महिला) का विरुद्धमा समाजिक सांस्कृतिक, कानूनी तथा धार्मिक अवस्थाको विरोध र लडाई गरिन् ( श्रेष्ठ, २००६) . मावन अधिकारका लागि महिला, एकल महिला समूहले राष्ट्रिय घोषणा मार्फत "विधवा" लाई "एकल महिला" भन्ने शब्द प्रयोग गरिनु पर्ने भनी "विधवा" को सट्टामा "एकल महिला" भन्ने शब्द परिभाषित गरियो (ब्याचलर, २००६) ।

हाल सम्ममा नेपालमा सबै पृष्ठ भूमी तथा क्षेत्रका गरी चौवालिस हजार भन्दा बढी एकल महिलाहरू सङ्गठित सदस्यहरू रहेका छन् । ५२ वटा जिल्लाहरूमा एकल महिला समूहहरू २२५ वटाको सङ्ख्यामा रहेका छन् । विभिन्न अवस्थाबाट एकल बन्न पुगेकाहरू कोही द्धन्द्वका कारण एकल बनेका, सङ्कट कालको समयमा दुई तर्फ युद्धरत राज्य र तात्कालिन विद्रोही पक्षको लडाईको कारण एकल बन्न पुगेकाहरू, सबै प्रकारका एकल महिलाहरू यस संस्थामा आवद्ध छन् । विश्वव्यापिकरणको नमूना प्रयोग गर्दै दक्षिण एसियाका केही मुख्य ठुला देशहरूले पनि आज यो विषयलाई आत्मसाथ तथा अनुसरण गरिरहेका छन् । विभिन्न देशहरूका स्थानीय सङ्घ संस्थाहरूसँगको सहकार्यमा तत् देशका एकल महिलालाई शसक्तिकरण गर्ने र मूलप्रवाहीकरण गर्ने, वकालत गर्ने काममा यो अभियान सफल भएको छ ।

लीली राष्ट्रको सीमा नागेर यो अभियानलाई संयुक्त राष्ट्र सङ्घको शान्ति टेवल सम्म विश्वव्यापी रूपमा एकल महिलाहरूको सवाललाई समावेश वा सम्वोधन गर्ने काम गरिरहेकी छन् (ब्याचलर, २००६) । एउटा ठुलो उपलब्धीको रूपमा उनले गरेको वकालतले Lamba Trust को सहयोगमा औपचारिक रूपमा अन्तर्राष्ट्रिय विधवा (एकल महिला) दिवश मनाउने औपचारिक घोषणा भयो । संयुक्त राष्ट्र सङ्घका कोफी अन्नानले सन् २००५ अक्टोवर २१ का दिन सो घषणा गरे । यस दिनलाई वार्षिक रूपमा विधवा (एकल महिला) हरूका लागि हेला, हिंसा, डर, त्रास आदिबाट पूर्ण मुक्ति गराउनु पर्ने र त्यसका लागि काम गर्न हामी सबैलाई चुनौति दिएको छ । सामाजिक क्रान्तीको अभियानको सुरुवात सन् २००२ को राष्ट्रिय सम्मेलन पश्चात लगत्तै भएको थियो जुन राष्ट्रिय सम्मेलन नेपालमा एकल महिलाहरूको ईतिहासमा कोसेढुङ्गा सावित भयो (रेग्मी, २००९) ।

**घ) परम्परागत आमा टोलीको अभियान**

गाउँ घरमा महिलाहरू एक आपसमा मिलि छरछिमेकमा लाहुरे आउँदा, शुभ कार्य हुँदा, नाचगान गरी रकम सङ्कलन गर्ने र त्यसलाई विकास निर्माणका कार्यमा लगाउने अभ्यासमा पनि लाहुरे बस्तीमा परम्परागत आमा समूह क्रियाशील हुने गरेका छन् । यी परम्परागत आमा टोली सङ्घ संस्था दर्ता ऐन २०३४ अनुसार स्थानीय अधिकारीको कार्यालय (जिल्ला प्रशासन कार्यालय) मा दर्ता नभई आफ्नो नीतिनियम अनुसार चल्ने गर्दछन् । यस्ता आमा टोली अभियानमा विवाहित महिला मात्र सङ्गठित हुने प्रवधान रहेको हुन्छ । समान रुचि, चाहना, इच्छा, स्तर, वा हामी भन्ने भावना भएका महिलाहरू मात्र यस अभियानमा सङ्गठित हुन्छन् । यसमा सङ्गठित महिलाहरू वचत सङ्कलन गर्ने, त्यस वचतलाई आय मुलक कार्यमा लगानी गर्ने, गाउँटोलमा शुभ कार्य गर्दा, विदेशबाट लाहुरे आउँदा नाच गान गरी पैसा उठाउने गर्दछन् । यसरी उठेको पैसाबाट समाजमा बाटो घाटो बनाउने, चौपारी बनाउने, पानीका धारा बनाउने, प्रतिक्षालय बनाउने, घरको आर्थिक स्थिति दयनीय भएका महिलाहरूको लागि तरकारी खेती, कुखुरा, बाखा पालन गर्ने, जस्ता आयमूलक काममा लगानी गरिदिने गर्दछन् । आफ्नो छरछिमेकमा जुवा तास खेल्न निषेध क्षेत्र घोषणा गर्ने अभियान, यस अभियानले समाजमा विकास निर्माणका कार्यहरूमा सहयोग गरेको छ (लिङ्गदेन, २००८) ।

## २.५ पूर्व अध्ययनको समीक्षा

महिला संगठन सम्बन्धि धेरै लेख, रचना, अनुसन्धानात्मक कार्य र अध्ययनहरू भएका छन् । समुदायको विकासमा आमा समूहको भूमिकाको बारेमा पनि केही अध्ययन भएको पाइन्छ ।

ढकालले स्याङ्जाको सतौँ गाउँमा आमा समूहले सामुदायिक विकासमा पुऱ्याएको योगदानको बारेमा उल्लेख गरेका छन् । उनले महिलाहरूको उल्लेख्य सहभागिताले नै समुदायको विकास गर्न सकिने बताएका छन् । उनले आफ्नो लेखमा विभिन्न सरकारी तथा गैर सरकारी निकायले पनि समुदायको विकासमा काम गरेको र समुदायको विकासमा वास्तविक उपलब्धि हासिल गर्नको लागि महिला पुरुष दुवैको समान सहभागिता हुनुपर्ने र दुवैको संयुक्त प्रयासलेनै विकास दिगो र टिकाउ हुने निष्कर्ष निकालेका छन् (ढकालः २००७) ।

शर्माले दलित एवं पिछडिएका महिलाको सशक्तिकरणमा आमा समूहले खेलेको भूमिकाका बारेमा सतौँ गाउँमा अध्ययन गरेकी छिन् । उनले आफ्नो अध्ययनमा हाम्रो समाजमा पछि परेका महिला अझ दलित महिलाको सशक्तिकरणमा आमा समूहले खेलेको योगदानका बारेमा अध्ययन गरी पिछडीएका महिलाको सशक्तिकरणमा आमा समूहको महत्वपूर्ण भूमिका रहने निष्कर्ष निकालेकी छिन् (शर्माः २०६७) ।

फुलबारी आमा समूहमा आबद्ध महिलाको घरेलु हिंसाको अवस्था र धारणा भन्ने शीर्षकमा गरिएको अध्ययनमा धेरै जसो महिलाहरूको सानो उमेरमा विवाह भएको र जसले धेरै महिला हिंसामा परेको देखिएको छ । महिलाहरू अशिक्षित रहेकोले आफ्नो माग र समस्या व्यक्त गर्न नसकेकोले परिवारमा महिलाको दोस्रो स्थान रहेको छ । त्यस्तै आर्थिक कारोबारमा महिलाको निर्णय लागू नभएको पाइएको छ । यसै गरी पितृसतात्मक सामाजिक परम्परा तथा जीवन शैली समाजमा छ यसले महिला विरुद्धको हिंसा बढाएको देखिएको छ । यसरी महिला हिंसा बढी हुनुका कारणहरूमा लागू पदार्थको सेवन, बहुविवाह र दाइजो माग मुख्य रहेको उनको अध्ययनले देखाएको छ ।

श्रेष्ठले कास्कीको घान्द्रुक गाउँमा संरक्षण र विकास र विकास कार्यक्रममा आमा समूहको योगदान सम्बन्धी गरेको एक अध्ययन अनुसार संरक्षण र विकास कार्यक्रमका लागि महिलाहरूको उच्च सहभागिताले कार्यक्रम प्रभावकारी एवं सफल हुने कुरा उल्लेख गरेका

छन् । उनले निष्कर्षमा महिलाहरूको सहभागिता र समर्पण विना घान्द्रुक एक्यापका कार्यक्रमहरू अधुरा हुने उल्लेख गरेका छन् (श्रेष्ठः २००३) ।

श्रेष्ठ र हाछेयूले कास्कीको केही ठाउँमा गरेको अध्ययनमा जाँड, रक्सी खाने र जुवातास खेल्नेलाई सजायको व्यवस्था गरी त्यस कार्यलाई निर्मूल पार्न आमा समूहले खेलेको भूमिकाको बारेमा अध्ययन गरेका छन् । आमा समूहले गरेको उक्त कार्यलाई प्रहरी, प्रशासन र गाउँ विकास समितिले पनि साथ दिएपछि त्यस क्षेत्रमा पारिवारिक अत्याचार घट्नुको साथै परिवारमा महिलाको इज्जत पनि बढेको पाइएको उनीहरूले विभिन्न विकास निर्माण कार्यहरू पनि गरेको र महिलाहरू चुपचाप बस्ने र सबै कुरामा आत्मसमर्पण गर्ने परम्परा भन्दा नितान्त बेग्लै रूपमा आइरहेको उनीहरूको अध्ययनले देखाएको छ (श्रेष्ठ र हाछेयूः २०५९) ।

देशको आधा जनशक्तिका रूपमा रहेका महिलाहरू देश विकासमा सदैव संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरीवी एवं रुढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवं अन्य स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्ण रूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुदैनन् तबसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन (रा.यो.आ.: २०५४) । सरकारी योजनामा सहभागितालाई समावेश गरी निर्णय प्रक्रिया, प्रयोगकर्ताको रूपमा समान पहुँच राख्न स्थानीय समुदाय अझ महिला वर्गको स्थान सुनिश्चित गरिनुपर्दछ । विकासका हरेक पक्षमा जनताको संलग्नता स्थानीय तहबाटै हुनुपर्छ भने महिलालाई प्राथमिक रूपमा हेरिनुपर्दछ (शर्माः २००४) ।

पन्तः २०५७) लामिछानेले पोखराको मणिपाल र पश्चिमाञ्चल अस्पतालमा उपचारका लागि आएका महिलाहरूको मानसिक तनाबको बारेमा अध्ययन गर्दा जनजाति र पिछडिएका महिलाको तुलनामा ब्राह्मण, क्षेत्री महिलाहरूमा बढी तनाब रहेको निष्कर्ष निकालेका छन् । (आलेः २००८) गोरखापत्र २०६७ मंसिर २५ को लेखमा 'रक्सी खाने विरुद्ध महिलाहरूको समूह' इलाममा साँझपख मदिरा सेवन गरेर होहल्ला गर्नेलाई समाजमा विकृति र विसंगति फैलिएको भन्दै उनीहरूले 'महिला चेतना समूह' गठन गरी गस्ती सुरु गरेको र खाने र खुवाउनेलाई दण्डको व्यवस्था पनि गरे । यसरी आमा समूहले सामाजिक विकृतिलाई नियन्त्रण गर्न महत्वपूर्ण भूमिका निभाएका छन्  (गोरखापत्रः २०६७) गोरखापत्र २०६९) ।

देशको आधा जनशक्तिका रूपमा रहेका महिलाहरू देश विकासमा सदैव संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरिबी एवं रुढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवं अन्य स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्ण रूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुदैनन् तबसम्म देशको आर्थिक स्थितिमा सुधार आउन सक्दैन (रा.यो.आ.: २०५४) । सरकारी योजनामा सहभागितालाई समावेश गरी निर्णय प्रक्रिया, प्रयोगकर्ताको रूपमा समान पहुँच राख्न स्थानीय समुदाय अझ महिला वर्गको स्थान सुनिश्चित गरिनुपर्दछ । विकासका हरेक पक्षमा जनताको संलग्नता स्थानीय तहबाटै हुनुपर्छ भने महिलालाई प्राथमिक रूपमा हेरिनुपर्दछ (शर्मा: २००४) ।

वैशाख ९ को लेखमा 'जुवातासबाट जफत रकम सामाजिक कार्यमा' नवलपरासीको वडा नं. १ मथारका आमा समूहले जुवातास खेल्ने जुवाडेबाट बरामत गरेको रकम सामाजिक कार्यमा खर्च गरेपछि गाउँमा जुवातास खेल्नेहरूको कमी आएको र यसले सामाजिक विकृतिलाई अन्त्य गर्न महत्वपूर्ण भूमिका निभाएको छ (गोरखापत्र: २०६९) । गोरखापत्र २०६९ वैशाख ५ को लेखमा 'वन फडानी रोक्न महिला जुटे' बाँकेको राप्तीपारि क्षेत्रमा पछिल्लो समयमा सामुदायिक वनहरूबाट भइरहेको काठ तस्करी रोक्न स्थानीय महिला सक्रिय रूपमा लागिपरेका छन् । हरियो वन नेपालको धन भन्ने भनाइलाई आत्मसाथ गर्दै त्यहाँका महिला वन जोगाउ अभियानमा लागेका हुन् । उनीहरूले काठ तस्करी गर्नेलाई दण्डको समेत व्यवस्था गरी वन जोगाउ अभियानमा लागि परेका छन् । यसरी महिलाहरूको अगुवाइले वन फडानीमा कमी आएको छ (गोरखापत्र: २०६९) । प्राकृतिक स्रोत उपयोग र संरक्षणमा महिला र पुरुषको सहभागिता धनि र उच्च वर्गका महिलाहरूको सहभागिता समान रूपमा भएपनि निम्न वर्गका महिलाहरू सधैँ पछाडी परेको हुँदा स्थानीय तहमा उपलब्ध स्रोतमा महिलाको सहभागिता बढाउनुपर्दछ (कँडेल: २०५८) ।

आमा समूहको योगदानसँगै स्थानीय जनताले पनि आमा समूहले ल्याएका कार्यक्रमको लागि योगदान दिएका छन् । महिला पुरुषले शारीरिक सामाजिक, सांस्कृतिक भिन्नतालाई विर्सेर विकास निर्माण र प्राप्तिका लागि महिला पुरुष एकजुट भएर नै समाजमा विकास निर्माण हुने । महिला पुरुष मिलेर गरेरको विकास नै दिगो विकास हुन सक्ने यस अनुसन्धानले देखाउँछ (ढकाल, २०१४) ।

सामाजिक परिचालन अभियानले मानिसहरूमा सामुहिक भावनाको विकास हुन गई छलफल र सर्वसम्मतिका आधारमा निर्णय गरी सामुहिक कार्यमा जुट्ने अभ्यास भएको छ । सम्पूर्ण विकास निर्माणका कार्यमा सम्पूर्ण व्यक्तिहरूको समान सहभागिता देखिन्छ । फरक-फरक राजनीतिक आस्था भएका व्यक्तिहरू पनि राजनैतिक धरातल भन्दा माथि उठेर सामुहिक रूपमा मिलेर कामहरू गरेका छन् भन्ने निष्कर्ष उनले निकालेकी छन् (बरुवाल, २०६६) ।

नेपाली महिलाहरू २०६७ साल पछिबाट बिस्तारै शिक्षा र जनचेतनाका कारण महिलाहरू बिभिन्न सामुदायिक क्षेत्रमा आफ्नो उपस्थिति देखाउन थालेका छन् । आफ्नो पारिस्थितिक, जातीय, शैक्षिक, वर्गीय, आधारमा संगठित हुने र समाज परिचालन गर्ने गरेका छन् । प्रजातान्त्रिक मुल्यमान्यता र सुचना प्रबिधिले पनि महिलाहरूमा प्रभाव पारेको छ । उल्लेखित अनुसन्धानात्मक लेखहरूमा महिला संगठन र यिनीहरूको योगदान र भूमिकाका बारेमा कुरा गरिएता पनि नेपालमा महिला आन्दोलनका अगुवा महिलाहरू योगमाया, लीली, राजेश्वरी र परम्परागत आमाटोली अभियानको विस्तृत रूपमा नेपाली महिला संगठनहरूले कसरी अभ्यास गरिरहेका छन्, यी ४ फरक–फरक खालका महिलावादी आन्दोलनको प्रभाव कस्तो छ र यी आन्दोलनहरूमा स्थानीय र वाह्य कुन कारक तत्वहरूको प्रभाब बढी रहेछ त भनेर अध्ययन गर्ने क्रममा कपिलबस्तु जिल्लाका स्तन्त्र ग्रामीण महिला संगठनहरूलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरी यो अध्ययन गरिएको छ ।

# परिच्छेद तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान विधि तथा प्रक्रियाहरू

कुनै पनि व्यवस्थित अध्ययनका लागि व्यवस्थित विधि अपनाई अध्ययनको उद्देश्य प्राप्ति तर्फ उन्मुख हुनु अति आवश्यक हुन्छ । कुनै पनि अनुसन्धानको विश्वसनीयता, प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिएको थियो र त्यो बिधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रह्यो भन्ने कुरामा भर पर्दछ । सबैखाले अनुसन्धानमा एउटै तरिका प्रयोग गनुपर्दछ भन्ने अनिवार्य चाही छैन । झन् समाजशास्त्रीय अनुसन्धान नितान्त सामाजिक सम्बन्ध र मानवीय व्यबहारको अध्ययन भएका कारण यसमा घटनाको प्रकृति र सरोकार पक्षको अवस्थितिलाई ध्यानमा राखेर विभिन्न तौर तरिकाहरू अपनाउनु आवश्यक हुन्छ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमका अध्ययन विधिको प्रयोगबाट समस्याको गहिराईमा पुगी वास्तविक तथ्यको चुरो पत्ता लगाउन सकिन्छ । जब कुनै पनि कुराको वास्तविक कारण पत्ता लाग्र्दछ तब मात्र त्यसका समाधानका संभाव्य विकल्पहरू खोज्न सकिन्छ । समाजशास्त्रीय अध्ययनमा बाहिरी अवलोकनलाई विभिन्न तात्विक पक्षहरूका आधारमा केलाएर निचोड दावी गर्ने प्रणाली भन्दा घटनासँग प्रत्यक्ष सरोकार रहेका र घटनाको कारण तथा परिणामसँग अनुभवी हैसियत राख्ने व्यक्तिको गराई र भोगाईको अनुभव तथा उनीहरूको आत्म विश्लेषणलाई गहन रूपमा अवलोकन गरेर सरोकार पक्षले के अनुभव गऱ्यो भन्ने कुरा पत्ता लगाएर निचोड दाबि गर्ने प्रणालीलाई बढी व्यवहारिक र विश्वासयोग्य मान्ने गरिएको थियो । आज भोलि Emic Approach का एक व्याख्याता मारबिन ह्यारिसले पनि Etic तथा Emic दुवै बिधिको तालमेलमा अवलोकन गनुपर्ने कुरालाई स्वीकार गर्न थालेका छन् (Harris, 1978) । यस अर्न्तगत सामाजिक समस्याको अध्ययन गर्दा व्यक्ति र घटनासँग प्रत्यक्ष सम्बन्धित व्यवस्थाको संरचनागत पक्षहरूसँगको अन्तरक्रियात्मक सम्बन्धको तौरतरिकालाई अध्ययन गर्नुपर्दछ भन्ने मान्यता यस शोधकार्यमा आत्मसाथ गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अधयनको ढाँचा मुख्य तया वर्णनात्मक रूपमा गरिएको छ । महिला संगठनहरूको अध्ययन गर्दा ऐतिहासिक रूपमै महिला आन्दोलनको विवेचना गर्नुपर्ने हुनाले केही हदसम्म अनुसन्धान ढाँचा ऐतिहासिक र विश्लेषणात्मक पनि भएको छ । अध्ययन क्षेत्रमा भएका महिला संगठनहरूको अध्ययन गर्दा यहाँको अभ्यासमा रहेका महिला संगठनहरूको निर्माण र परिचालनका बारेमा वर्णनात्मक अध्ययन गरिएको छ । त्यस्तै महिला संगठनमा आएको परिवर्तनका बारेमा अध्ययन गर्न विश्लेषणात्मक ऐतिहासिक ढाँचा अपनाइएको छ ।

## ३.३ समग्र नमूना छनौट

कपिलवस्तु जिल्लाका स्वतन्त्र महिला सङ्गठनमा रूपान्तरण देखा पर्नुका कारण र असरलाई अध्ययन गर्ने क्रममा समूह छलफल विधिको अवलम्बन गरिएको छ । कपिवस्तुको अभ्यासमा रहेका राजनैतिक धार्मिक सांस्कृतिक आर्थिक सीमा रक्षा जस्ता विभिन्न उद्देश्यले सङ्गठित  समान प्रकृतिका संगठनहरू यहाँ रहेको हुदा ४७ संगठनका २-२ जनाका दरले ९४ जना सदस्यहरूलाई उत्तरदाताको रूपमा नमुना छनौट गरी  बाकी ६ जना जेष्ठ नागरिकहरू वा   मुख्य सुचनादाताहरूसंग सघन वार्ता गरियो । यो अध्ययन सम्पूर्ण कपिलवस्तु जिल्लाका स्वतन्त्र महिला सङ्गठनमा सिमित भएकाले सोही क्षेत्रका तत्थ्याङ्कमा सिमित भएको छ । कपिलवस्तु जिल्लामा २०५० देखि २०७२ साल सम्मका स्वतन्त्र महिला सङ्गठनको स्थितिको अध्ययन  गरी अभिलेख तयार गरिएको हो ।

## ३.४ तत्थ्याङ्क स्रोतहरू र प्रकृति

यस अध्ययनको लागि गुणात्मक र मात्रात्मक दुवै प्रकारबाट तथ्याङ्कहरू लिइएको । तथ्याङ्क संकलन गर्दा प्राथमिक र द्धितीय दुवै विधि प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, अनुसूची, मुख्य सूचनादाता ग्रुप छलफल, प्रश्नावली अनुसूची, सामाजिक अगुवाहरूसँग अर्न्तक्रिया पर्दछन् । द्वितीय स्रोत अन्तर्गत महिला विकास शाखाबाट महिला सङ्गठन अभिलेखबाट रूपान्तरणको स्थिति हेरिएको छ । विभिन्न अभिलेख तथा श्रेस्ता अध्ययनबाट सूचनाहरू संकलन गरिएको छ । पुस्तक, लेख रचना समीक्षा, प्रकाशन पत्रपत्रिका, वेवसाइट, प्रकाशित एवम् अप्रकाशित स्रोत तथा अन्य

सम्बन्धित साहित्यहरूको सहयोग लिइएको छ । द्वितीय तथ्याङ्क स्रोतलाई विशेष प्राथमिकतामा राखिएको छ । द्धितीय स्रोतबाट तथ्यांक संकलन गर्दा गुणात्मक र संख्यात्मक दुवै किसिमका तथ्यांक संकलन गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क संकलन गर्दा निर्धारित अध्ययन क्षेत्रमा गई प्रश्नावली अनुसूची र मुख्य सूचनादाताको अन्तर्वार्ताको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

संगठनमा आवद्ध ९४ युवा सदस्यहरूबाट २–२ जनाका दरले र अरु जेष्ठ नागरिक वा मुख्य सुचनादाताहरू मध्येबाट ६ जना गरी जम्मा १०० जना संगठनमा आवद्ध महिलाहरूलाई संगठन निर्माण परिचालन सम्बन्धी विभिन्न संरचित र असंरचित प्रश्नावलीको आधारमा प्रश्न सोधी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ मुख्य सूचनादाता

संगठनमा एकै उमेर समुहका सदस्यहरू नहुने भएकाले दुई उमेर समुहका युवा सदस्य र जेष्ठ सदस्यहरूलाई उत्तरदाताको रूपमा लिईएको छ तर यहाँ मुख्य सुचनादाता भनेर जेष्ठ नागरिकलाई भनिएको छ । उहाहरूलाई नयाँ संगठन र परम्परित संगठनमा के–कस्तो परिवर्तन रहेछ भनी प्रश्नहरू सोधी तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रका विशिष्ट व्यक्ति बुद्धिजीविहरू एवम् महिला संगठनमा आवद्ध ६ सदस्यहरूलाई मुख्य सूचनादाताको आधारमा प्रश्न सोधी तथ्यांक संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न तरिकाबाट प्राप्त अध्ययनसँग सरोकार तत्थ्यलाई बिविध प्रकृति अनुरूपका शीर्षक उपशीर्षकमा विभाजन गरी तालिकीकरण गरिएको छ । तालिकीकरण गर्दा तत्थ्याङ्कहरूलाई दरगत रूपमा वर्गीकरण तथा बिश्लेषण गरिएको छ । सामान्यतया बिश्लेषणात्मक रूपरेखा अनुरूप यो अध्ययनलाई अगाडि लैजाने प्रयत्न गरिएको छ । तत्थ्याङ्कको बिश्लेषण गर्दा धार्मिक, आर्थिक, शैक्षिक, जातिगत, रूपमा सङ्गठनहरूको स्थिति कस्तो छ ? भन्ने

आधारमा तत्थ्याङ्कको स्थितिलाई विभिन्न तालिकामा वर्गीकरण गरिएको छ । विभिन्न अवस्थामा रहेका तत्थ्याङ्कहरूबाट समूह गतिशिलताका कारण, यसको शैली, यसलाई असर पार्ने तत्वहरूका क्षेत्रहरू पत्ता लगउन प्रति तालिकीकरणमा पनि देखाइएको छ । यस अध्ययनमा तत्थ्याङ्कको बिश्लेषण गर्दा स्वतन्त्र महिला सङ्गठन आवद्ध महिलाहरूले के भन्दछन्, शोधकर्ताले अतिरिक्त के देख्छ दुबैलाई बिश्लेषण गर्दा के देखिन्छ ? यी तीनवटा मूल चरणबद्ध प्रक्रिया समेटिएको छ । यसरी बिश्लेषण गर्ने जमर्को गर्नुमा घटनालाई बिश्लेषण गर्दा Emic र Etihc दुबै दृष्टिकोणबाट केलाएर अझ शुद्ध बिश्लेषणात्मक निचोड दिन सकियोस भन्ने मान्यतालाई आत्मसात गर्न खोजिएको छ ।

## ३.७ अध्ययनको क्षेत्र छनोटको औचित्य

कपिलवस्तु जिल्ला एक बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय विविधतापूर्ण जिल्ला हो । यहाँका महिलाहरू आ–आफ्ना परिस्थितिका कारणले विभिन्न महिला सङ्गठनमा आवद्ध हुन गएका छन् । यस जिल्ला नै अध्ययन क्षेत्र छनौट गनुका पछाडि हाल सम्म यहाँका स्वतन्त्र महिला सङ्गठनहरूमा योगमायाको भिक्षुणी आन्दोलन, राजेश्वरी सिहंको आमा समूह आन्दोलन, लीली थापाको एकल महिला आन्दोलन र परम्परागत आमाटोली अभियान यी चार खालका आन्दोलनका प्रभावका बारेमा अनुसन्धान हुन नसकेकाले अनुसन्धान कर्ताको यस क्षेत्रको अनुसन्धान गर्ने तीब्र चाहना हुनुका साथै प्रत्यक्ष अनुभव क्षेत्र पनि कपिलवस्तु नै भएको हुदाँ यस क्षेत्रको छनौट गरिएको हो ।

यस शोधपत्रको अध्ययन क्षेत्र सम्पूर्ण कपिलवस्तु जिल्लालाई लिईएको छ । कपिलवस्तु जिल्ला भित्रका स्वतन्त्र महिला सङ्गठनलाई यहाँ समेटिएको छ । विभिन्न धर्म, जात, भाषा, सम्प्रदाय रहेको यस तराई क्षेत्रमा ग्रामीण महिला सङ्गठनशैलीमा समयको अन्तरालसँगै किन र कसरी परिवर्तन देखा परेको छ ? भनेर समाजशास्त्रीय शोध गर्ने योजना अनुसार सम्पूर्ण कपिलवस्तु जिल्लाका स्वतन्त्र सङ्गठनलाई शोध क्षेत्र मानिएको छ ।

## ३.८ अध्ययनको समयावधी

कुनै पनि अनुसन्धानमा सर्वप्रथम समयावधीको बढी भूमिका हुने भएकाले समय अवधिलाई बिशेष ख्याल राख्नु पर्दछ । अनुसन्धानका लागि प्रयाप्त समय नदिएमा शोधको निष्कर्षको प्रभावकारीतामा कमी देखिन सक्छ । यस अध्ययनका लागि प्रस्ताव पत्र स्वीकृतीसँगै कार्य प्रारम्भ गरी ६ महिना भित्र सम्पन्न गर्ने योजना गरिएको थियो । बिशेष परिस्थितिवस सो

समय अपुग भएर थप अरु केहि महिना थप गरी शोध कार्य पुरा गरिएको छ । यस अध्ययनको कार्य योजनाका सम्बन्धमा प्रारम्भिक प्रस्ताव पत्र स्वीकृत भए पछि ३ महिना भित्र जिल्लाका महिला सङ्गठनका अभिलेखहरू अध्ययनमा ल्याइएको छ । भने ६ महिना क्षेत्र अध्ययनका क्रममा सारोकार क्षेत्रका उत्तर दाताहरूसँग अन्तरक्रिया तथा छलफलका लागि छुट्टयाएको थियो  भने तत्थ्याङ्क प्रक्रियाावद्ध बिश्लेशण तथा पुन : परीक्षण र सम्पादन लगायत प्रतिवेदन तयारीको प्रक्रियामा ९ महिनाको समय लगाइएको छ ।

## ३.९ तथ्यांक संकलनमा आइपरेका कठिनाईहरू

अनुसन्धानको काम सहज र सरल पक्कै पनि हुँदैन स्रोत साधन र समयले भरिपूर्ण भएपनि अनुसन्धानात्मक सिलसिलामा शोधकर्ताले अनेक समस्याको सामना गर्नुपर्छ । यस अध्ययन क्षेत्रमा यस भन्दा अगाडि यस्ता शोधकार्य नभएको राजनीतिक अस्थिरता मधेशी आन्दोलनका जस्ता कारणहरूले अनुसन्धान गर्ने क्रममा निकै चुनौतिको सामना गर्नुपरेको थियो । यस्तो कठिनाइको वावजुद पनि पैदलयात्रा मार्फत पनि सत्यतथ्य अनुसन्धानका लागि अनुसन्धान क्षेत्रमा पुगेर अनुसन्धान लिने काम गरियो ।

# परिच्छेद चार

# महिला सङ्गठन निर्माण र परिचालनका स्थानीय ढाँचाहरू

## ४.१ महिला सङ्गठनमा आबद्ध सदस्यहरूको सामाजिक पहिचान

यसरी सङ्गठन र नेतृत्व प्रणालीमा भाग लिने महिलाहरू वर्णका आधारमा ८ वटा देखिएका छन् । त्यस मध्ये ब्राह्मण क्षेत्रीको खेती नै पढाई लेखाई अगुवा गराइ भने झै शिक्षा घरबाहिरको सक्रियता र टाठीबाठी भएकाले सङ्गठनमा ब्राह्मण क्षेत्री महिलाको सक्रियता उच्च देखिएको छ । त्यस्तै गरिबीका कारण सीप, तालिम तथा भत्ताको आशामा सङ्गठित हुने जनजाति समुदायको सहभागिता पनि ब्राह्मण क्षेत्रीकै हाराहारिमा देखिएको छ । सङ्गठनमा कोरम पुऱ्याउनका लागि सरकारी तथा गैर सरकारी संस्थाद्वारा सहजीकरण गरी दलित समुदायको सक्रियता न्यून देखिन्छ भने मधेशी महिलाहरू घरबाहिरका सामाजिक कार्यहरूमा पहाडि महिलाको तुलनामा कम सहभागी भएको देखिन्छ । मुसलमान महिलाहरू अशिक्षा र धार्मिक अन्धविश्वासका कारण घर भित्रै बुर्काले मुख छोपेर श्रीमान्को निगरानीमा बस्नुपर्ने बाध्यताले सङ्गठनमा उनीहरूको सक्रियता सन्तोषजनक देखिएन । पहाडी समुदायका महिलाहरू घरबाहिरका सामाजिक कार्यमा सहभागिता बढी देखियो किनकी अन्य समुदायका महिलाको तुलनामा शिक्षित र स्वतन्त्र छन् । तर मधेशी धनी महिलाहरू घरबाट, गरिब महिलाहरू घरबाट तथा धनि परिवारका महिलाहरूबाट पनि शोषित छन् र यिनीहरू अशिक्षित पनि छन् । यी विविध कारणले गर्दा पहाडी महिलाको भन्दा सङ्गठनमा सहभागिता कम देखिएको छ ।

कपिलवस्तु जातीय, बहुभाषी, बहुधार्मिक, बहुवर्गीय विशेषताले सम्पन्न तराइको जिल्ला हो । यहाँ विशेष गरेर अर्घाखाची, गुल्मीबाट बसाईसराई गरी आएका ब्राह्मण, क्षेत्री, मगर, ठकुरी दमाई कामी सुनारहरूको वसोवास छ भने थारु मधेसी र मुसलवानहरूको पनि बहुल्यता रहेको छ । यस क्षेत्रमा अन्य ठाँउबाट बसाईसराइ गरी आउने क्रम व्यापक हुने भएकाले पनि यहाँको जातीय स्वरूप अझै फराकिलो हुँदै गएको छ । जातीय र धार्मिक कुराहरूलाई

लिएर समय समयमा द्वन्द्वहरू भएको कुरा हामी सबैलाई अवगत नै छ यहाँ मधेशी पहाडी र मुसलीमका विच जातीय एकता नभएको कुरा यहाँ देख्न सकिन्छ ।

**तालिका ४.१ः महिलाहरूको सङ्गठनमा आवद्ध जातीय पहिचानका आधारमा सदस्यहरू**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | २३ | २३ |
| २. | जनजाती | २२ | २२ |
| ३. | पहाडी ब्राह्मण | १७ | १७ |
| ४. | मधेशी (मुसहर, वानिया, सिंह, यादव आदि) | १० | १० |
| ५. | पहाडी दलित | ०९ | ०९ |
| ६. | मधेशी ब्राह्मण | ०८ | ०८ |
| ७. | मधेशी दलित | ०७ | ०७ |
| ८. | मुसलवान | ०४ | ०४ |
| जम्मा | | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका ४.१ अनुसार वर्णका आधारमा सङ्गठित समूहहरू ०८ प्रकारका भेटिएका छन् । यहाँ अधिकांश उपस्थिति ब्राहमण, क्षेत्री, जनजातिको देखिएको छ ।

सामान्यतया क्षेत्री समुदायका महिलाहरू पढेलेखेका र घर बाहिरका सामाजिक कार्यमा बढी सहभागी हुने हुँदा सङ्ख्यात्मक उपस्थिति उच्च (२३ प्रतिशत) पाइएको छ । त्यस्तै सरकारी, गैरसरकारी सहजीकरण निकायको प्रेरणाले टाठीबाठी भईन्छ भनेर सङ्गठनमा सहभागी हुने जनजाती समूहका महिलाहरू पनि क्षेत्री समुदायका महिलाहरूको हाराहारिमा (२२ प्रतिशत) देखिएको छ । यसैगरी पहाडी ब्राहमण समूदायका महिलाहरू मधेशी समुदायका महिलाहरूको तुलनामा स्वतन्त्र हुनुका साथै ब्राहमणको खेति नै शिक्षा भएकाले यिनीहरूको सहभगिता (१७ प्रतिशत) जनजाती समुदायका महिलाहरूको नजिक देखियो । मधेशी समूदायका महिलाहरूका लागि (मुसहर, वानीया, सिंह, यादव आदि) मधेशी महिलाका लागि समूह, पहाडी दलितका लागि पहाडी महिला समूह, मधेशी ब्राह्मणका लागि मदेशी ब्राह्मण समूह, मधेशी दलितका लागि मधेशी महिला समूह, मुसलवान महिलाका लागि मुसलमान महिला समूहद्वारा सङ्गठनमा सहभागी हुने गरेको देखियो ।

पहाडी समुदायका महिलाहरूको घर बाहिरका सामाजिक कार्यमा सक्रियता बढी देखियो भने मधेशी समुदायका महिलाहरू घर बाहिरका कार्यमा कम सहभागिता रहेको देखियो ।

## ४.२ शैक्षिक आधारमा वर्गीकरण

मानिसलाई सकारात्मक बाटामा डोर्याउने काम शिक्षाले गर्दछ । शिक्षाले नै व्यवहारमा परिवर्तन गर्ने देखि लिएर चेतना स्तर समेत निर्धारण गर्दछ । कपिल्वस्तु जिल्ला पश्चिमाञ्चल क्षेत्रको एकदमै न्यून साक्षर जिल्ला रूपमा परिचित जिल्ला हो । यहाँ मुसलमान र मधेशीको बाहुल्यता वढी भएकोले साक्षरताको रेसीयो निकै तल छ । यस सम्प्रदायका महिलाहरू धार्मिक र पारिवारिक अन्धविश्वास र दवावमा परेका छन् । यस अध्ययनको लागि छनोट गरिएको १००जना उत्तरदाताहरूको शैक्षिक स्थितिको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.२ : सङ्गठित महिलाहरूको शैक्षिक आधारमा वर्गीकरण**

| क.सं. | समुदाय | निरक्षर | साक्षर | प्रवेशिका | प्रमाणपत्र | स्नातक | स्नाकोत्तर | कुल |
|---|---|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | ० | १ | ९ | ७ | ४ | २ | २३ |
| २. | जनजाती | ० | ४ | ८ | ५ | ३ | १ | २१ |
| ३. | पहाडी ब्राह्मण | ० | १ | ५ | ५ | ४ | २ | १७ |
| ४. | मधेशी ब्राह्मण | ० | २ | ४ | १ | १ | ० | ८ |
| ५. | पहाडी दलित | ० | ४ | ३ | २ | १ | ० | १० |
| ६. | मधेशी | ० | २ | ४ | ३ | ० | ० | ९ |
| ७. | मधेशी दलित | १ | ३ | २ | १ | ० | ० | ६ |
| ८. | मुसलमान | १ | ३ | १ | ० | ० | ० | ५ |
| | | २ | २० | ३६ | २४ | १३ | ५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका ४.२ अनुसार शैक्षिक आधारमा महिलाहरूको सहभगिता ८ प्रकारको भेटियो । निरक्षर महिलाहरूको सङ्गठनमा आवद्धता न्यून (२ प्रतिशत) देखियो किनकी टाठाबाठा र पढालेखा महिलाहरू मात्र नेतृत्व प्रणालीमा सहभागी हुने भ्रम उनीहरूमा रहेको देखियो ।

त्यसैगरी सरकारी ताथा गैरसरकारी संस्थाको सहजीकरणले तालिम भत्ता पाउने आशामा सङ्गठित हुने प्रेरणा पाएर सङ्गठनमा सहभागी हुने साक्षर महिलाहरूको उपस्थिति (२० प्रतिशत) देखियो । त्यसैगरी टाठाबाठा र जागिर गर्न नजाने प्रवेशिका उत्तिर्ण (३६ प्रतिशत), प्रमाणपत्र उत्तिर्ण (२४प्रतिशत) महिलाहरूको सङ्गठनमा सहभागिता अधिकाँश देखियो भने स्नातक र स्नाकोत्तर गरेका महिलाहरूले रोजगार तर्फ प्रेरित हुनेहुँदा आफ्नो व्यक्तिगत चासो बाहेकका सामाजिक कार्यमा कम सहभागिता १८ प्रतिशत देखियो । शिक्षाको अनुपात माथि पुग्ने महिलाहरू अन्य अवसरको खोजिमा रहने हुँदा जति धेरै शिक्षाको तह माथि पुगेको छ, उनीहरूको सङ्गठनमा सहभागिताको दर घटेको छ ।

यद्यपि प्रवेशिका र प्रमाणपत्र मात्र हासिल गरेका महिलाहरू अन्यत्र रोजगरमा जाने सम्भावना कम भएकाले उनीहरू सामाजिक कार्यमा सक्रियतापूर्ण तरिकाले सहभागि भएका रहेछन् । साक्षर र निरक्षर महिलाहरूको शिक्षाको अनुपात कम भएकाले उनीहरूको सहभागिता पनि न्यून देखियो । शिक्षाको अनुपात धेरै माथि पुगेका महिलाहरू रोजगारमा जाने भएकाले सङ्गठनमा समय दिन नसक्ने हुँदा यस तहका महिलाहरूको सहभागिता ( जम्मा ५ प्रतिशत) देखिएको छ । त्यस्तै शिक्षाको तह न्यून र उच्च हुने महिलाहरू भन्दा मध्य तहका महिलाहरूको सक्रियता अधिकतम देखियो ।

## ४.३ पेशागत आधारमा परिवारको विवरण

नेपालको अर्थतन्त्र नै कृषिमा आधारित छ यहाँका अधिकांश जनताले कृषिबाट जिविकोपार्जन गरेका छन् । कपिलबस्तु जिल्ला सुगम जिल्ला र भारतसँग सिमाना जोडिएको जिल्ला भएकाले यहाँका जनताहरू कृषि, व्यापार, जागिर नोकरी, वैदेशिक रोजगार सम्पूर्ण पेसा आफ्नो रोजाइमा पारेका छन् । अर्न्तवार्तामा समिटिएका १०० जना उत्तरदाताहरूको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.३: पेसागत आधारमा परिवारको विवरण**

| क्र.सं. | विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषक | ४० | ४० |
| २. | नोकरी | २७ | २७ |
| ३. | जागिरे | २२ | २२ |
| ४. | व्यापारी | ६ | ६ |
| ५. | बैदेशिक रोजगार | ४ | ४ |
| जम्मा | | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका ४.३ अनुसार पेसागत आधारमा महिलाहरूको सङ्गठित समूह ५ प्रकारका भेटिएका छन् । नेपाल एक कृषि प्रधान देश हो र यहाँका ८० प्रतिशत जनताले कृषि पेसा नै अंगालेका छन् । त्यसैले अरु पेसाको तुलनामा कृषि पेसामा महिलाहरूको सहभागिता सङ्ख्यात्मक उपस्थिति अधिकांश (४० प्रतिशत) देखियो । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले कृषि लक्षित कार्यक्रम मार्फत सहजीकरण गर्ने र गरिबी उन्मुलमबाट मुक्ति पाउन बिउपुँजी, ओईचो पोईचो, कार्यक्रम गाँउटोलमा ल्याउने हुँदा कृषि पेसामा आकर्षण देखियो भने आफ्नो योग्यता र सीप परिचालन गरि नोकरी गर्ने महिलाहरूको सहभागिता पनि लगभग एक तिहाई कम (२७ प्रतिशत) देखियो । यिनीहरू स्वनिर्भर हुन र आफ्ना हक हितका लागि सहभागिता देखाएका छन् । आधुनिक समाजमा आत्मसम्मानलाई कायम राख्न जागिरे हुनु महत्वपूर्ण मानिन्छ । पुरुषहरूको औपचारिक समानता भएता पनि महिलाहरू अझै सम्म श्रम बजारमा थुप्रै विभेदको अनुभव गर्न पुगेका छन् । अहिले सम्म आंशिक कार्यमा न्यून तलब, कामको असुरक्षा र स्तर उन्नतिका लागि नोकरीवाला महिलाहरू सङ्गठनमा सहभागी भई यस कार्यको प्रतिकार गर्नका लागि आवद्ध महिलाहरू अधिकांश (२७ प्रतिशत) सहभागिता रहेको देखिन्छ । त्यसैगरी महिलाहरूको धेरै हिस्सा जागिरमा केन्द्रित रहेको विद्यमान अवस्थामा पनि पेसागत भिन्नता, तलबमा अन्तर, स्तर उन्नतिका लागि सिमित अवसर, श्रम बजारमा थुप्रै विभेदको अनुभवबाट पनि आफुलाई सतर्क राख्नका लागि सङ्गठनमा सहभागी जागिरे महिलाहरूको सहभागिता पनि नोकरी वाला महिलाहरूको हाराहारिमा (२२ प्रतिशत) देखिएको छ । त्यसै गरी आफ्नो जिविकोर्पाजन गर्नका लागि व्यापार पेसामा सहभागी हुने महिलाहरूको सहभागिता न्यून रहेको छ ।

यद्यपि महिलाहरूलाई सङ्गठन र नेतृत्व प्रणाली पारिवारिक पेसाको आधारमा ५ वटा देखिएका छन् । नेपाल एक कृषि प्रधान देश भएकाले देशका लगभग ८० प्रतिशत जनताले कृषि पेसा अगालेका छन् र सरकारी तथा गैरसरकारी संस्थाहरूको अनुदान कृषि लक्षित भएकाले कृषि पेसाका अभिप्रेरणाले सङ्गठनमा सहभागी हुने सङ्ख्या उच्च देखिएको छ । त्यस्तै स्वनिर्भर भई बाँच्न र आफ्नो हकहितका क्षेत्रमा जुट्ने अभिप्रेरणाले झण्डै आधा सहभागीलाई अभिप्रेरित गरेको पाइन्छ भने आत्मसम्मानलाई कायम राख्न पुरुषहरूको औपचारिक समानताका लागि र आफ्नो सुरक्षा र समान कामका लागि, समान ज्यालाका

लागि अभिप्रेरित भई जुट्ने जागिरे महिलाहरूको सङ्ख्या लगभग नोकरीवालाहरूका नजिक देखिएको छ भने आर्थिक विकल्पका लागि वैदेशिक रोजगार र व्यापारी प्रेरणाले जुट्नेको सङ्ख्या कम देखिएको छ किनकी व्यापार र वैदेशिक रोजगारलाई गाउँले सुमुदायमा राम्रो दृष्टिले नहेरिएको पाईयो ।

## ४.४ उत्तरदाताको सहभागिताको आँकडा

यस समाज भनेको सामाजिक सम्वन्ध र प्रक्रियाहरूको जालो हो यो सबैको साझा फुलबारी हो यहाँ महिला, पुरुष एकल तेस्रो लिङ्गी सबैको साझा वसोवास हुन्छ । अध्ययनमा उत्तरदाताको रूपामा लिइएका १०० जना उत्तरदाताहरूको सहभागीताको विवरण तलको तालिकाले देखाउँछ ।

**तालिका ४.४: अध्ययनमा समेटिएका उत्तरदाताको सहभीगताको आँकडा**

| क्र.सं. | विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | ७८ | ७८ |
| २. | पुरुष | १५ | १५ |
| ३. | एकल महिला | ७ | ७ |
| जम्मा | | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

नोटः कपिलवस्तुमा पारपाचुके महिलाहरू पनि रहेका तर अन्तरवार्तामा विधवा महिला मात्र समावेश गरिएको छ ।

नेपाल भरिमा महिलाका नाममा काम गर्न भनेर समाज कल्याण परिषद्मा २३५ वटा सङ्गठन दर्ता भएका छन् भने कपिलवस्तुमा जम्मा ६ वटा महिला सङ्गठन समाज कल्याण परिषदमा दर्ता भएको पाईयो । त्यसै गरी तालिका ४.४ अनुसार उत्तरदाताको सहभागिताको आँकडालाई ४ प्रकारमा विभाजन गरिएको छ ।

महिलाहरूको सहभागिता र सङ्ख्यात्मक उपस्थिति उच्च पाइएको छ । यो अध्ययन महिला लक्षित भएकाले हरेक गाउँ टोलमा महिला सङ्गठन निर्माण र परिचालनको अभ्यास भईनै रहने भएकाले महिलाको सहभागिता अधिकांस (७८प्रतिशत) देखिएको छ । त्यसैगरी नेतृत्व

प्रणालीमा आपसी सम्बन्धको भूमिका महत्वपूर्ण हुन्छ । सङ्गठनले राम्रो कार्य सम्पादन गर्नका लागि महिला पुरुषबीचमा आपसी सम्बन्ध हुनु राम्रो मानिने हुँदा महिलाहरूले सचिव, उपाध्यक्ष, लेखापरीक्षण, माइनिटिङ्ग र सल्लाहाकारको रूपमा पुरुषलाई सहभागी गराएको पाईयो । महिला सहभागी भन्दा पुरुष सहभागी सङ्ख्या लगभग ५ गुणा कम (१५ प्रतिशत) रहेको पाईयो । त्यस्तै श्रीमान नभएका महिलाहरू अन्धविश्वासको खाडलमा परी समाजबाट हेपिने र आफू पनि समाजको सक्रिय सदस्य भएकाले समाजलाई व्यक्तिगत रूपमा मात्र रूपान्तरण गर्न असम्भव हुने र एकतामा बल हुने भएकाले एकल महिलाहरू पनि सङ्गठित भएको पाइन्छ । आर्थिक सङ्कटले गर्दा एकल महिलाहरूको सङ्गठनमा सहभागीता न्यून (७ प्रतिशत) देखियो ।

यद्यपि उत्तरदाताको सहभागिताको आँकडालाई ३ भागमा विभाजन गरिएको छ । महिलाहरूसँग केन्द्रित अध्ययन भएकाले महिलाहरूको सहभागिता अधिकांश देखिएको छ । पुरुषहरूलाई सल्लाहाकार, माईन्यूटिङ्ग र लेखापरीक्षकको रूपमा मात्र सङ्गठनमा सहभागिता गराईएकोले पुरुषहरूको सङ्ख्या न्यून रहेको छ । एकतामा बल हुने र व्यक्तिगत रूपमा केहि कार्य गर्न असम्भव हुने भएकोले र आफु पनि समाजको सक्रिय सदस्य भएको नाताले एकल महिला सङ्गठनमा आवद्ध भएको पाईयो ।

## ४.५ पारिवारिक आँकडा

परिवार सामाजिक संरचनाको महत्वपूर्ण संस्था हो । परिवार विवाहबाट स्थापित निकै पुरानो र आधारभूत सामाजिक संस्था हो । सामाजिक आवश्यकता पुरा गर्नु तथा विकास र सामाजिकीकरणको प्रक्रियाालाई हस्तान्तरण गर्ने उद्देश्यले दुई भन्दा बढी सदस्यहरूको अन्तरसम्वन्धित तथा अन्योन्याश्रित संस्था नै परिवार हो । यस अनुसन्धानका क्रममा निम्न प्रकारका पारिवारिक संरचना फेला परेका छन् ।

**तालिका ४.५: उत्तरदाताको पारिवारिक आँकडा**

| क्र.सं. | विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल | ४२ | ४२ % |
| २. | संयुक्त | ३० | ३० % |
| ३. | बृहत | २५ | २५ % |
| ४. | अन्य | ३ | ३ % |
| जम्मा | | १०० | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

वर्तमान परिप्रेक्ष्यमा एकल परिवारको अभ्यास बढ्दो भएकाले सङ्गठनमा आबद्ध महिलाहरू अधिकांश (४२ प्रतिशत) एकल परिवारका सदस्य हरेको पाइयो । शिक्षा बसाइ सराई आधुनिकताको प्रवेशले गर्दा एकल परिवारका महिलाहरूको सङ्गठन र नेतृत्व र अभ्यासमा आबद्धता बढी देखिएको छ । त्यस्तै कपिलवस्तु जिल्ला बहुभाषिक, बहुधार्मिक, बहुजातीय विषेशतायुक्त जिल्ला भएकोले वृहत परिवारको अभ्यास पनि अधिकाँश (२५ प्रतिशत) देखियो । यहाँ मधेशी र थारु परिवारमा अशिक्षा र अज्ञानताका कारण एकल परिवारमा रूपान्तरित हुंदा सम्पत्ति बाडिने सङ्कीर्ण सोँचले गर्दा सातौ पुस्ता सम्म पनि बृहत परिवारको रूपमा बसेको भेटियो ।

यहाँका सबै समुदायहरू संयुक्त परिवार अभ्यासमा छन् तर संयुक्त परिवार आधुनिकतासँगै शिक्षा, रोजगार र बसाइसराईका कारण द्रुत गतिमा एकल परिवारका रूपमा रूपान्तरित हुदै गइरहेको छ । संयुक्त परिवार पनि सङ्गठन र नेतृत्व अभ्यासमा लगभग एकल परिवारको नजिक (३०%) रहेको छ । त्यसैगरी परिवारको आँकडा मुख्य तीन प्रकारका रहेपनि यहाँ एउटा नौलो संरचना फेला परेको छ । यसलाई अन्य भनेर देखाइएको छ । जसमा श्रीमान पहिलो घरबाट छाडी अर्को कुनै श्रीमान गुमाएको तर अघिल्लो श्रीमानका छोराछोरी नभएको परिवारमा जोइल आएर बसोबास गरेको परिवार देखियो र अर्को अघिल्लो श्रीमानबाट जन्मेका छोराछोरी लिई दोस्रो पुरुष जस्का अघिल्लो श्रीमतीका सन्तान छन्, उसँग वैवाहिकमा बन्धनमा बाँधिएर नयाँ परिवारको संरचना तयार भएको देखियो, जुन ३% देखियो ।

जनगणना २०६८ अनुसार तीन पारिवारिक संरचना अभ्यासमा आएको भनि परिभाषित गरेपनि यहाँ चार प्रकारका पारिवारिक संरचना आएको कुरा तालिका ४. ५ ले देखाएको छ ।

## ४.६ स्थानीय महिला सङ्गठनका ढाँचाहरू:

अध्ययन क्षेत्रमा महिलाहरूका सङ्गठित समूहहरू ५ प्रकारका भेटिएका छन् । त्यो मध्ये अति नै धेरै सहभागिता र सङ्ख्यात्मक उपस्थिति पनि आमा समूहको उच्च पाइएको छ । हरेक गाँउ टोलमा आमा समूहहरू निर्माण र परिचालनको अभ्यास सक्रिय भएकाले कुनै

राजनीतिक आस्थाको बन्देज बिना महिलाको वर्गीय हित र सामुदायिक सुरक्षाका क्षेत्रमा काम गर्नका लागि आमा समूहका माध्यमद्वारा अधिकांश महिलाहरू (६२) जना महिलाहरूको सहभागिता देखिएको छ ।

**तालिका ४.६: महिला संगठनका प्रकारहरू**

| क.सं. | विवरण | आवद्ध सङ्गठन सङ्ख्या | सहभागीव्यक्ति |
|---|---|---|---|
| १ | आमा समूह | १७ | ६२ |
| २ | राजनीतिक समूह | ५ | ६० |
| ३ | किशोरी समूह | ३ | ३१ |
| ४ | सीमा तनाव व्यवस्थापन समूह | २ | १० |
| ५ | एकल महिला समूह | १ | ७ |
| जम्मा | | २८ | १७० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

त्यस्तै ग्रामीण क्षेत्रमा विभिन्न राजनीतिक दलहरूको साङ्गठनिक क्रियाकलापको सक्रियता र निरन्तरता चलि नै रहने भएकाले राजनीतिक दल मार्फत सङ्गठन र नेतृत्वको अभ्यासमा सहभागी हुने महिलाहरूको सङ्ख्या पनि आमा समूहकै हाराहारीमा ६० जना देखिएको छ । त्यसैगरी किशोरीका लागि र सीमा क्षेत्रको तनाव व्यवस्थापनका लागि, एकल महिलाका लागि र परिस्थितीगत अवस्थामा रहेका व्यक्तिहरू, त्यस्तै अनुकूलको समूह मार्फत सङ्गठित हुने र नेतृत्व अभ्यास गर्ने गरेको तत्थ्य तालिका ४.६ ले देखाएको छ ।

यद्यपि महिला सङ्गठन र नेतृत्व प्रणालीमा भाग लिन सङ्गठित हुने महिलाहरूका सङ्गठनका प्रकारहरू ५ वटा देखिएको छ । त्यस मध्ये उच्च सहभागिता आमा समूहको निर्माण र अभ्यास कुनै राजनैतिक आस्थाको बन्देज बिना महिलाको वर्गीय हित र सामुदायिक सुरक्षाका क्षेत्रमा काम गर्नका लागि आमा समूहका माध्यमद्वारा भएको छ । त्यस्तै राजनैतिक दलहरूको साङ्गठनिक क्रियाकलापको सक्रियताले झण्डै उस्तै सहभागितालाई अभिप्रेरित गरेको पाइन्छ भने परिस्थितिगत अवस्थामा रहेका किशोरीहरूका लागि किशोरी सङ्गठन, सीमा तनाव व्यवस्थापन गर्नका लागि सीमा तनाव व्यवस्थापन,

एकल महिलाका मुद्दालाई लिएर एकल महिला सङ्गठन मार्फत सङ्गठित हुने र नेतृत्व अभ्यास गर्ने गरेको देखिएको छ ।

यसैगरी सामाजिक रूपले परिपक्क भए पछि सङ्गठनमा कार्यरत हुने महिलाहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी पाइयो भने सामाजिक परिपक्क नभएका महिलाहरूको सङ्गठनमा कार्यरत सङ्ख्या न्यून पाईयो ।

नोट : उत्तरदाताहरूको बारम्बारता दोहोरिएको कारणले गर्दा यसमा प्रतिशतमा देखाईएको छैन । अध्ययन क्षेत्रमा प्रत्यक्ष अर्न्तवार्तामा भेटिएका १०० जना महिलाहरू भए पनि विभिन्न सङ्गठनमा सहभागिताको बारम्बारता दोहोरिएकाले एक व्यक्ति एकभन्दा बढी समूहहरूमा सदस्य भएको देखिन्छ । तर राजनैतिक समूहमा आवद्ध हुने महिलाहरू आस्थाका आधारमा राजनीतिक दलहरूसँग आवद्ध भएका छन् ।

## ४.७ महिला सङ्गठनले गर्ने कामका प्रकारहरू

यहाँका महिला सङ्गठनहरूले दारूपानी जुवातास निर्मुल पार्ने कार्य देखि लिएर विभिन्न सचेतना मुलक कार्यक्रमहरू गर्दै आएका छन जसको विवरण तलको तालिका द्धार स्पष्ट गरिएको छ ।

**तालिका ४.७: महिला सङ्गठनले गर्ने कामका प्रकारहरू**

| क .स. | कामका प्रकारहरू |
|---|---|
| १ | सामाजिक सुरक्षा कार्य |
| २ | अधिकार संरक्षण |
| ३ | घरेलु हिंसा न्यूनिकरण |
| ४ | चेलीबेटी बेचविखन नियन्त्रण |
| ५ | रक्सी र जुवा नियन्त्रण गर्न |
| ६ | सिमा तस्करी नियन्त्रण गर्न |
| ७ | आर्थिक सवलीकरणका लागि |
| ८ | प्रौढ शिक्षा |
| ९ | विउपूजी वृद्धि गर्ने |

स्रोत : स्थलगत अवलोकन २०७२

समाज परिचालनको सन्देशले मानिसलाई नयाँ कुरा सिकाउँछ । संगठन, बचत सीपलाई समाज परिचालनका मूल मन्त्र भनिन्छ । महिला संगठनले समाज सुधारका कार्यहरू  देखि लिएर विभिन्न कारणले श्रीमान् गुमाएका महिलाहरूको समाजमा विभेदको सामाना गर्न नपरोस भनेर ग्रामीण क्षेत्रमा पनि एकल महिलाहरूका हक अधिकारका कुराहरूलाई लिएर सङ्गठित समूह नै एकल महिलाहरूको सुरक्षा र अधिकारका लागि सङ्गठिट समूहहरू यस सङ्गठनले नेपाली ग्रामीण समाज र हिन्दु धर्म भित्र एकल महिलालाई हेर्ने नकरात्मक दृष्टिकोण जस्तै : वेश्या, बोक्सी, आलाक्षिनी चुडाल र अर्को विवाह गर्न नहुने विषय र सवालका विरुदमा काम गर्ने गरेको छ ।

महिला वेचविखन र घरेलु हिंसामा अधिकांश घटनामा पुरुषहरूको संलग्नता रहेता पनि केही घटनामा भने महिलाहरूको संलग्नता रहेको पाइन्छ महिला हिंसा र मानव वेचविखनमा महिलाहरूको मात्र संलगनता खोजीयो भने यो कहिल्यै अन्त्य हुदैन पुरुषहरूलाई पनि यस कार्यमा संलग्न गराउने वा महिला माथि हिंसा र वेचविखन हुन नदिन सामाजिक सुरक्षा कार्य गरिएको छ । सामाजिक कुरुती चेलीवेटी वेचविखन देहव्यापार घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुषहरूको समेत सहभागितामा यस सङ्गठनले कार्य गरिरशेको छ । ग्रामीण क्षेत्रमा जुवातास र दारूपानी नियन्त्रण गर्नका लागि दवाव दिन यो सङ्गठन सङ्गठित छ । दारूपानी र जुवातासका कारण सामाजिक व्यभिचार महिला हिंसा र कसैको पनि घरखेत नहोस भन्ने सामाजिक उद्देश्यले सो सङ्गठन ले काम गरेको छ ।

सिमानामा सांस्कृति, धार्मिक, भौगोलिक व्यापारिक विभिन्न बाहानामा जुनसुकै समयमा पनि अहज परिस्थिति सिर्जना हुन सक्ने भएकाले चोरी तस्करी दङ्गा व्यवस्थापन गर्ने कार्य यस समूहले गर्दछ ।

समाजमा जुनसुकै समयमा हुन सक्ने कामहरू सुल्भ्याउनका लागि भैपरि आउने समूह निर्माण भएको हो विवाह, जन्म मृत्यु पुँजा आजा वाडी पहिरोले क्षति आगलागि जस्ता कार्यहरू पर्दा व्यक्ति एक्लै केही पनि गर्न नसक्ने हुँदा ऊ सङ्गठनमा आवद्ध भई सङ्गठनका माध्यमबाट यी भैपरी आउने कामहरू सुल्झ्याउने गरेका छन् ।

ग्रामीण भेगका महिलाहरू पुँजीको अभावका कारण स्थानीय स्तरमा गर्न सकिने आर्यआर्जन तथा अन्य व्यवसाय मुलक क्रियाकलाप संञ्चालन गर्न असमर्थ भएको अवस्थामा ग्रामीण वस्ती टोल गाँउस्तरमा वसोबास गर्ने महिलाको समूह निर्माण गरी महिलाहरूलाई उत्पादनमूलक कार्यमा सरिक गराउने कार्य आर्थिक सशक्तिकरण लागि सङ्गठित समूहले गर्दै आई ग्रामीण जिवनस्तर कमजोर भएका महिलाहरू आत्मनिर्भर बन्न पुगेका छन् ।

किशोरी र प्रौढ महिलाहरूका शारिरिक र मानसिक परिवर्तनहरूका बारेमा जनचेतनाका लागि कुनै पनि कृषिसँग सम्बन्धित एउटा विषयमा ग्रामीण स्तरको दक्षता एवं ज्ञान हासिल गरी समाजको चाहाना र आवश्यकता अनुरूप सेवा पुर्याउनको निम्ति अथवा कृषिजन्य वस्तुहरू तयार गर्नका लागि केन्दबाटै विउविजन माग गर्ने र बजारमा आवश्यक अनुसारका कृषि जन्य सामाग्री तयार गर्ने काम यस सङ्गठनले गरेको छ ।

## ४.८ महिलाहरूको वैवाहिक तथा उमेरगत विवरण

ग्रामीण महिला सङ्गठन निर्माण र परिचालको अभ्यास गर्ने क्रममा सङ्गठनमा आवद्ध हुने महिलाहरूलाई उमेर गत आधारमा सानो देखि ठूलो क्रममा तलको तालिका मार्फत देखाइएको छ ।

**तालिका ४.८ः नेतृत्वमा सहभागी महिलाहरूको बैबाहिकता तथा उमेरगत विवरणः**

| क सं | विवरणं | ं१८-२० वर्ष | २१-२५ वर्ष | २६-३० वर्ष | ३०-४५ वर्ष | ४६ वर्ष | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | विवाहित | ७ | १२ | ११ | २ | ४ | ३२ |
| २ | विवाहित | ३ | १५ | २० | १९ | १ | ६२ |
| ३ | एकल/विधवा | ० | ० | ४ | २ | ० | ६ |
| जम्मा | | १० | २७ | ३५ | २३ | ५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका ४.८ अनुसार नेतृत्व अभ्यासमा सक्रिय हुने महिलाहरूलाई उमेरगत आधारमा ५ वर्गमा विभाजन गरिएको छ । अधिकांश विवाहित महिला छन् तर अविवाहितको सङ्ख्या उल्लेख्य नै रहेको छ । सामान्यतया २० वर्ष पारी विहेवारी भनिएतापनि २० वर्ष अगाडि विवाह भएका महिलाहरूले पनि नेतृत्व क्रियाकलापमा सहभागि ३ प्रतिशत भएका छन्, त्यसै गरी २० वर्ष पछाडी विहेवारी गर्नेको सङ्ख्या बढ्दै गएर २१-२५ वर्ष समूहमा १५

प्रतिशत विवाहित महिलाले नेतृत्व अभ्यासमा छन् भने २६-३० वर्ष समूहमा २० प्रतिशत विवाहित महिलाहरूले नेतृत्वमा सहभागिता देखाइरहेका छन् । त्यसपछि ३०-४५ वर्ष समूहमा १९ प्रतिशत विवाहित महिला अगुवाहरू रहेको र ४६ वर्ष माथिका महिलाहरूको सहभगिता न्यून ५ प्रतिशत रहेको पाइएको छ । तसर्थ अविवाहित महिलाहरको सहभागिता पनि ३२ प्रतिशत भएतापनि उनीहरूको सक्रिय सहभागिताको आंकलन गर्न सजिलो देखिएको छैन । किनभने विवाह योग्य उमेर समूहका (२०-३०) वर्ष उत्साहजनक सहभागिता देखिएको छ भने ३०-३५ वर्षमा न्यून २ प्रतिशत देखिएको छ र ४६ वर्ष पछाडी केहि घट्दो ४ प्रतिशत रहेको छ । नेतृत्व सहभागितामा एकल परिस्थितिका महिलाहरूको सहभागिता देखिएको छ । करिब ६ प्रतिशत महिलाहरू सामाजिक नेतृत्व प्रणालीमा सहभागी भएको पाइएको छ तर विवाहित महिलाहरूको उच्च सामाजिक नेतृत्वमा सहभागिताको अवधि २६-४५ बीचको अवधी देखिएको छ । तर विवाहित महिलाहरूको उच्च सम्मानजनक नेतृत्वमा सहभागिताको अवधी २६-४५ बीचको अवधि देखिएको छ भने अविवाहित महिलाहरूको सक्रियाता २० वर्ष सम्म निरन्तर रहिरहने देखिएको छ ।

यो आँकडाले महिलाहरूको सामाजिक नेतृत्वको सहभागिता विवाह योग्य उमेर समूह ( अविवाहितका लागि) र प्रजनन् योग्य उमेर समूह (२६-४५) विवाहितका लागि नेतृत्वको क्रियाकलापमा सहभागिता सिथिल हुँदै गएको पाइएको छ ।

## ४.९ महिला सङ्गठन निर्माण र रूपान्तरणमा प्रभाव पार्ने स्थानीय तत्वहरू

महिला सङ्गठन र निर्माणमा प्रभाव पार्ने आन्तरिक तत्व , वाह्य तत्व र स्थानीय तत्वहरू रहेका छन् । अध्ययनमा उत्तरदाताको लागि छनोट गरिएका १०० जना महिलाहरू सङ्गठनमा लाग्न प्रेरित गर्ने स्थानीय प्रेरकहरूको विवरण तलको तालिकामा प्रस्ट पारिएको छ ।

**तालिका ४.९ : महिला सङ्गठनका लागि स्थानीय प्रेरक तत्वहरू**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विकासे गैससहरूको सहजीकरण प्रेरणा | ३८ | ३८ % |
| २ | महिला विकास र जिल्ला विकासका कार्यक्रमहरूको प्रेरण | २० | २० % |
| ३ | आर्थिक विकल्पको खोजीका कारण | १९ | १९ % |
| ४ | सीमा तनाव व्यवस्थापनका प्रकृयामा | १० | १० % |
| ५ | जातीय हितका लागि सङ्गठन निर्माण गर्ने | ८ | ८ % |
| ६ | राजनैतिक दल सहभागिताले प्रेरणा | ५ | ५ % |
| जम्मा | | १०० | १०० % |

स्रोतः स्थलगत सर्वेक्षण २०७२

तालिका४.८ अनुसार नेतृत्व अभ्यासमा सक्रिय हुने ६ वटा प्रेरक तत्वहरू भेटिएका छन् । त्यो मध्ये अतिनै धेरै सहभागिता र सङ्ख्यात्मक उपस्थिति पनि लैंगिक सशक्तिकरणको माध्यमबाट सङ्गठनमा प्रेरित हुनेको उच्च पाइएको छ । समाजमा सीप परिचालनका लागि काम गर्ने सरकारी तथा गैरसरकारी संस्था, महिला विकास कार्यक्रम, जि.वि.स. जस्ता सामाजिक संस्थाहरूले महिला लक्षित कार्यक्रम गाँउ टोलमा ल्याइ नेतृत्व अभ्यासमा सहभागी भएका (३८%) महिलाहरूको प्रेरित तत्व लैंगिक सशक्तिकरणका लागि देखिएको छ । सङ्गठन, वचत र सीप परिचालनका माध्यमबाट सामाजिक पुंजी निर्माण गर्ने क्रियाकलापमा वचतलाई परिचालन गर्ने कामलाई सामाजिक परिचालन भनिन्छ । सीप परिचालनको लागि काम गर्ने उत्प्रेरक संस्थाहरूको सक्रियताले गर्दा सामाजिक परिचालन र सीप प्राप्तिका लागि जुट्ने महिलाहरू महिलाका मुद्दामा जुट्ने महिला समूह भन्दा आधा कम (२०%) सक्रिय रहेका छन् । त्यसैगरी आर्थिक विकल्पको लागि सङ्गठनमा प्रेरित हुने महिलाहरूको सहभागिता पनि सामाजिक परिचालन र सीप प्राप्तिका लागि प्रेरित हुने महिलाहरूको हाराहारीमा (१९%) देखिएको छ । व्यक्तिगत रूपमा स्रोतको पहूँच नहुने भएकाले आर्थिक इलम र तालिममा सहभागी हुने वा विकल्प खोज्न उनीहरू सीप परिचालन र नेतृत्व अभ्यासमा सहभागी देखिएका छन् । सीमानामा बस्ने महिलाहरूको विशिष्ट सामाजिक परिस्थिति र समस्या हुन्छ । सीमामा बस्ने महिलाहरूका लागि वारि र पारिका परिस्थितिले उसको सामाजिक सम्बन्ध सङ्गठन निर्माणमा परिस्थिति र नेतृत्व अभ्यासका अवसर र चुनौति निर्माण भएका हुन्छन् । जोखिमपूर्ण र चुनोतिपूर्ण जिविकाको

व्यवस्थापन गर्नका लागि उनीहरूका लागि उनीहरू सीमा वारिपारी पारस्परिक अन्तरनिर्भरता र उस्तै खालका चुनौतिले घेरिएका पनि हुन्छन् । उनीहरूका लागि कुनै दल विषेश र राष्ट्र  बिषेश त्यति महत्वको हुँदैन जति सीमा तनाव व्यवस्थापन गरेर सो अनुकूल आफ्नो जिविका व्यवस्थापनमा सक्रिय हुनमा जुट्दछन् । त्यही परिस्थितिले गर्दा सीमानामा बस्ने मान्छेको पार्टी पनि हुदैन र राष्ट्रियता पनि हुदैन, अवसरवादी हुने प्रकृति देखिएको छ ।

यसको कारण सीमानामा बस्ने मानिसको सामाजिक परिस्थितिले मात्र सङ्गठनमा सहभागी हुने गरेको र अरु सामाजिक प्रक्रियामा कम सहभागी हुने गरेको देखिन्छ तर सीमा क्षेत्र महिलाहरूको जनसङ्ख्या कम चाँहि होईन । सीमा तनाव व्यवस्थापनमा जुट्ने महिलाहरू आर्थिक विकल्पको खोजिका लागि जुट्ने महिलाहरूको आधा कम १० प्रतिशत सक्रियता रहेको छ । यसैगरी आफ्नो जातीय हित र अस्तित्व रक्षाका लागि प्रेरणाले सङ्गठनमा सहभागी हुने महिलाहरू सीमा तनाव व्यवस्थापनका लागि सङ्गठनमा सहभागिता हुने महिलाहरूकै हाराहारीमा ८ प्रतिशत रहेको देखिन्छ । त्यस्तै बेला बेलामा सीमा क्षेत्रमा चुनाव हुने समयमा चुनावी प्रेरणाले सङ्गठनमा सहभागिता हुने महिलाहरूको उपस्थिति अन्यको तुलनामा न्यून ५ प्रतिशत देखिएको छ । यद्यपि महिलाहरूलाई सङ्गठन र नेतृत्व प्रणालीमा भाग लिन प्रेरित गर्ने तत्व ६ वटा देखिएका छन् । त्यस मध्ये उच्च प्रेरक तत्व भनेको महिलाहरूलाई महिलाकै मुद्दा प्यारो लाग्ने भनिए झै लैङ्गिक सशक्तिकरणको अभिप्रेरणाले जुट्नेहरूको सङ्ख्या उच्च देखिएको छ । त्यस्तै सरकारी तथा गैरसरकारी सहजीकरण निकायहरूको प्रेरणाले झन्डै आधा सहभागीहरूलाई अभिप्रेरित गरेको पाइन्छ । भने सीमा क्षेत्रमा बस्नेहरू सीमा तनाव व्यवस्थापन बाहेक अरु प्रक्रियामा कम सहभागी हुने गरेको र अरुलाई आफ्नो मुद्दामा आकर्षण गर्न पनि कम मात्रामा प्रयत्न गरेको देखिएको छ ।

महिलाहरूका लागि जति लैङ्गिक सबलीकरणको सम्भावना र सामाजिक, आर्थिक क्षमता विकासको सम्भावनाले सङ्गठित हुन प्रेरित गरेको छ । त्यस्तो आकर्षण जातीय हितका नाममा र राजनैतिक दलका नाममा उत्साहजनक देखिदैन, अर्थात महिला सङ्गठन परिचालनका सक्रियताका लागि जातीय मुद्दा त्यति आकर्षक बिषय रहेनछ ।

## ४.१० महिला सङ्गठन निर्माण र रूपान्तरणमा प्रभाव पार्ने वाह्य कारक तत्वहरू

अध्ययन क्षेत्रमा महिला सङ्गठन निर्माण र रूपान्तरणमा प्रभाव पार्ने वाह्य कारक तत्वहरू यसप्रकार पाइएका छन् ।

- योगमायाको भक्तिनी आन्दोलन
- राजेश्वरी सिंहको आमा समूह आन्दोलन
- लीली थापाको एकल महिला आन्दोलन
- अन्तर्राष्ट्रिय महिला वर्ष मनाउने अभियान र नारीवादी आन्दोलन
- समाज परिचालन प्रक्रियाा र गरिवी निवारणका क्रियाकलापहरू
- राजनितिक आन्दोलन र दलिय सहजीकरण

महिला संगठनहरू निर्माण र रूपान्तरण गराउनमा सहयोग पुऱ्याउन स्थानीय प्रेरक तत्वहरूको अलावा अरु बाह्य प्रेरक तत्वहरूको भूमिका पनि उल्लेख मात्रामा देखिन्छ । अहिलेको युग आधुनिकीकरण र विश्वव्यापीकरणको युग हो । यसले गर्दा महिलाहरूलाई वर्षे पिच्छे मनाइँदै आएका फरक-फरक महिला अधिकारका नाराहरू पनि महिला संगठन रूपान्तरण अधिकारका हुने गरेका छन् । ग्रामीण स्तरमा महिलाहरू संगठित हुने र आफ्ना अधिकारका क्षेत्रमा आवाज उठाउन सक्ने भएका छन् । यो प्रेरणा योगमायाबाट पाएको देखिन्छ भने समाजमा रक्सी जुवातासमा बन्देज लगाउने जस्ता समाज सुधारका कार्यहरू भएकाले राजेश्वरीको प्रभाव देखियो ।

एकल महिलाहरू संगठित भएकाले यस संगठनको प्रेरणाकी स्रोत लीली भएको देखिन्छ । विश्वमा डरलाग्दो परिस्थितिको रूपमा देखा परेको गरिबी नियन्त्रण गर्ने अभियान यस समाजमा पनि पर्न गई सीपमूलक आयआर्जनका क्रियाकलापहरू हुने गरेकाले यसलाई पनि संगठन निर्माणमा प्रभाव पार्ने बाह्य कारकको रूपमा लिइएको छ । राजनैतिक दलका दलीय गतिविधि र फरक फरक आस्थाका कारण पनि संगठनहरू निर्माण हुने गरेकाले यसलाई पनि सङ्गठन निर्माणमा प्रभाव पार्ने बाह्य कारकका रूपमा लिइएको छ ।

समाज परिचालन प्रक्रिया र गरिवी निवारणका क्रियाकलाप सामाजिक परिचालन द्वारा वस्ती स्तरमा महिला तथा पुरुषहरूको भिन्दा भिन्दै वा संयुक्त समूहहरू गठन गरी ती समूहहरूको संस्थागत तथा आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन भइ रहेका छन् । यस

कार्यक्रमबाट ग्रामीण स्तरमा मानिसहरूलाई सङ्गठित गरी स्वावलम्वन तर्फ उन्मुख गराइन्छ । यसमा समुदायका सम्पूर्ण सदस्यहरूको सहभागिता परिचालन हुन्छ र सामुदायिक सङ्गठन जनसहभागितामा आधारित हुन्छ । यस कार्यक्रममा सामुदायिक संस्था स्तरमा पहिचान गरी प्राथमिकता निर्धारणमा भएका योजनाहरूलाई प्राथमिकता राखिन्छ । यस कार्यक्रमबाट ग्रामीण स्तरमा मानिसहरूलाई सङ्गठित भइ वचत गर्ने बानी वसाली स साना देखि मध्यम स्तर सम्मका उद्यमहरू सञ्चालन गरी स्वावलम्वन तर्फ उन्मुख गराइ आर्य आर्जनका क्रियाकलापमा सरिक गराईन्छ । जनतामा आत्मनिर्भर हुने वातावरण सिर्जना हुन्छ । सामाजिक परिचालन प्रक्रियाबाट समुदायहरूले स्थानीय स्तरमै कार्यक्रम विस्तार गरी कार्यन्वयन गर्न सक्ने विश्वास गरिन्छ । यस बाट बस्ती स्तरमा गठित सामुदायिक संस्थाको संस्थागत तथा आर्थिक विकासमा सहयोग पुग्न गई गरीवी निवारणमा टेवा मिल्ने हुन्छ त्यसले गर्दा महिला सङ्गठन र रूपान्तरणमा प्रभाव पर्ने हुन्छ ।

राजनीतिक आन्दोलन र दलीय सहजीकरणः राजनीतिक दलहरूको सङ्गठनिक क्रियाकलापको सक्रियताले फरक-फरक आस्थाका आधारमा राजनीतिक आन्दोलन र दलीय सहजीकरण भइराखेकोले यो पनि महिला सङ्गठन र रूपान्तरणमा प्रभाव पार्ने महत्वपूर्ण वाह्य कारक तत्व हो । यी फरक–फरक खालका महिला सङ्गठन निर्माण र रूपान्तरणमा प्रभाव पार्ने बाह्य कारक तत्वहरूको प्रभावले पनि अध्ययन क्षेत्रका महिला संगठनहरू रूपान्तरित भएका छन् ।

अन्तर्राष्ट्रिय महिला वर्ष मनाउने र नारीवादी आन्दोलन महिला विकास लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि वि.स. १९७५ बाट अर्न्तराष्ट्रिय महिला वर्ष मनाउने प्रयास भएको हो । महिलासँग सम्बन्धित सवालहरूलाई मुखरित गर्न अहिले आएर समय-समयमा यस्ता सम्मेलनहरू हुने गरेका छन् । त्यस्ता सम्मेलनहरूले अघि सारेका सवालहरूलाई विभिन्न देशका सरकारहरूले आफ्नो देशको सम्वन्धमा लागु गर्ने प्रयत्न गरेका छन् । हाल सम्म चारवटा अर्न्तराष्ट्रिय महिला वर्ष मनाउने नारीवादी आन्दोलन समपन्न भएका छन् । यस शिलशिलामा सन् १९७५ देखि भएका प्रयासहरूको छोटो समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

प्रथम विश्व महिला सम्मेलन सन् १९७५ : मा मेक्सिकोमा भएको थियो । पहिलो महिला सम्मेलन यस वर्षलाई संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूले विभिन्न सभा सम्मेलन गोष्ठीका साथै अनुसन्धान एवं अन्य कार्यक्रम संचालन गरी महिला वर्ष मनाए । प्रथम महिला सम्मेलन पछि महिला विरुद्ध विद्ययमान शोषण दमन र सबै किसिमका भेदभाव हटाउन महासन्धीको आवश्यकता वोध गरियो ।

दोस्रो विश्व महिला सम्मेलन सन् १९८० : कोपन्हगेनमा दोस्रो विश्व महिला सम्मेलन सम्पन्न गरियो । यसमा पहिलो विश्व महिला सम्मेलन दश वर्षे योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने निर्णय लिए तापनि दशकको अन्तरमा मात्र प्रगति समीक्षा गर्न निकै ढिलो हुने ठहर गर्ने गरी सन् १९७५ देखि सन् १९८० सम्म प्रथम पाँच वर्षमा विभिन्न देशले महिला उत्थान र विकासमा भए गरेका प्रगतिको समीक्षा गर्ने हेतुले दोस्रो महिला सम्मेलन आयोजना गरियो । यस सम्मेलनले महिलाको उत्थानका लागि विगतमा लिइएका निर्णयलाई नै निरन्तरता दिने मतऐक्यता जाहेर गऱ्यो ।

तेस्रो विश्व महिला सम्मेलन सन् १९८५ : यस महिला सम्मेलन केन्याको राजधानी नैरोवीमा आयोजना गरियो । उक्त सममेलनमा १५७ राष्ट्रका प्रतिनिधिहरूले भाग लिएका थिए । सन् १९७५ देखि १९८५ को दशकमा महिला विकास सम्बन्धी सदस्य राष्ट्रहरूले किटान गरेका उद्देश्य प्राप्त गर्न आइपरेका वाधा अड्चन पहिचान गरी वाधा अड्चन निराकरणका लागि विकल्प सुझाव पेश गर्नु समेत यस सम्मेलनको ऐजेन्डा थियो ।

चौथो विश्व महिला सम्मेलन सन् १९९५ यस महिला सम्मेलन संयुक्त राष्ट्रसङ्घको तत्वाधानमा ४ देखि १५ सेप्टेम्वर १९५५ मा चिनको राजधानी वेइजिङ्गमा एक भव्य समारोह बीच सम्पन्न गरियो । उक्त सम्मेलनमा विश्वका १८१ राष्ट्रले प्रतिनिधित्व जमाएका थिए उक्त सम्मेलनमा ६००० प्रतिनिधी ४००० भन्दा बढी गैरसरकारी संस्थाका प्रतिनिधी ४००० पत्रकारहरूले भाग लिएका थिए यस सम्मेलनको उद्देश्य विगतमा पारित गरिएका निर्णयको पुनरावलोकन गर्नुका साथै सन् २००० का लागि महिला विकास सम्बन्धी कार्यनीतिले निर्धारण गर्नु अशिक्षा गरिबी शोषण तथा हिंसा आदि पहिचान गरी तिनको समाधानका लागि सदस्य राष्ट्रहरूले अख्तियार गर्नुपर्ने नीति तथा कार्यक्रम तर्जुमा गर्नु थियो ।

# परिच्छेद पाँच

# अध्ययनको सार, निष्कर्ष तथा सुझावहरू

## ५.१ अध्ययनको सार

यो अध्ययन कपिलवस्तु जिल्लामा अभ्यासमा रहेका महिला सङ्गठनको निर्माण र परिचालन शैलीमा आएका परिवर्तनहरूसँग सम्बन्धित रहेको छ । नेपाली समाजका महिला सङ्गठन शैलीहरू कुन ढाँचामा रूपान्तरित छन् भनी विश्लेषण गर्ने त्यस्तै अभ्यासमा रहेका महिला सङ्गठनहरू रूपान्तरण हुनमा भूमिका खेल्ने स्थानीय र वाह्य कारक तत्वहरू के-के रहेछन् भनी खोजी गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो ।

यहाँका महिला सङ्गठनहरू पारिस्थितिक, वर्गीय, जातीय, सिमा तनाव व्यवस्थापन, साँस्कृतिक, उमेरगत र शैक्षिक आधारमा रूपान्तरित भएका छन् । अन्तर्राष्ट्रिय रूपमै मनाइँदै आएको फरक-फरक शीर्षकका महिला दिवशका नाराहरू, संविधानको मौलिक हक अन्तर्गत महिला अधिकारको व्यवस्थालाई यहाँका महिला सङ्गठनहरू रूपान्तरित गर्ने बाह्य कारक तत्वको रूपमा लिन सकिन्छ भने यहाँको पारिस्थितिक आधार, जातीय, वर्गीय, संस्कृति, शैक्षिक आधारहरू सङ्गठनहरू रूपान्तरण हुन सहयोग गर्ने स्थानीय कारक तत्वहरू हुन् ।

अध्ययनका लागि उद्देश्य पूर्ण नमुना छनोट विधि अनुसार कपिलवस्तु जिल्ला भरीमै छरिएर रहेका महिला सङ्गठनहरूका १०० जना सदस्यहरूलाई उत्तरदाताको रूपमा छनोट गरिएको थियो । छनोटमा परेका व्याक्तिहरूलाई उनीहरूको अनुकुल समयमा भेटगरी संरचित र असंरचित प्रश्नावलीका माध्यमबाट सत्य तथ्य धारणाहरू वुझी तथ्याङ्क सङ्कलन गरिएको थियो । सङ्कलन गरिएका तथ्याङ्कलाई तालिकीकररण गर्दा एकचलीय र बहुचलीय तालिका बनाई त्यसको आधारमा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

अध्ययनका लागि छानिएको कपिलवस्तु तराइको जिल्ला हो । विकासका पूर्वाधारहरूले सम्पन्न भएको हुनाले पनि यस क्षेत्रमा बसाइसराई गरेर आउने मानिसहरूको सङ्ख्या तीव्र गतिमा बढीरहेको छ, जसको कारण पनि यहाँ विभिन्न भाषा र सँस्कृति, धर्म, जात, वर्गका

मानिसहरूको बसोबास रहेको छ । विशेष गरी यस क्षेत्रमा पहाडीहरूमा ब्राह्मण, क्षेत्री ठकुरी, दलित, सुनार, कामी, मगर, गुरुङहरूको वसोवास रहेको छ भने मधेशीहरूमा मधेशी व्राह्मण, यादव, अहीर, मधेशी दलित, वानियाहरूको बसोवास छ । त्यसै गरी थारु र मुसलमानहरूको पनि अधिकाँश वसोवास रहेको छ हिन्दू धर्मालम्वीहरूको बाहुल्यता रहेको यस क्षेत्रका मानिसहरूको मुख्य पेसा कृषि र व्यापार रहेको छ भने अन्य स्रोतहरूमा वैदेशिक रोजगारी, स्वदेशी रोजगारका साथै सानो तिनो व्यवसाय ज्याला मजदुरी रहेको छ । आम्दानीका हिसावले मध्यम वर्गीयहरूको वाहुल्यता रहेको छ भने यातायात संचार स्वास्थ्य शिक्षाका क्षेत्रमा पनि यस जिल्ला ठिक ठिकै रहेको देखिन्छ ।

भारतको सिमावर्ती क्षेत्र र गौतम वुद्धको घर तिलौराकोट पनि यसै जिल्लामा पर्ने भएकाले स्वदेशी तथा विदेशी पर्यटकहरूको लागि आर्कषणको केन्द्रविन्दु बनेको छ जसको कारण पश्चिमी संस्कृतिको अनुसरण गर्ने प्रवृति पनि यस जिल्लामा दिन प्रतिदिन वढ्दो छ ।

## ५.२ अध्ययनको प्राप्ति

अन्तर्राष्ट्रिय रूपमै मनाउँदै आएका वर्षै पिच्छे फरक-फरक शीर्षकका महिला दिवसका नाराहरू नगरपालिका, जि.वि.स., गा.वि.स. र गैरसरकारी संस्थाहरूले गर्दै आएका महिला सशक्तिकरणका कार्यक्रमहरूबाट पनि यस जिल्लाको महिला सङ्गठनमा प्रभावित भएका छन् ।

विधवा महिलाहरू पनि रातो पहिरन गर्ने, विधवा महिलाहरू सङ्गठित भई सङ्गठनहरू चलाउने, राष्ट्रिय स्तर देखिनै एकल महिला भत्ता दिने अभियान, नेपालका ५२ वटा जिल्लामा राष्ट्रिय स्तरबाट एकल महिला सङ्गठन निर्माण जस्ता कारणले पनि यस क्षेत्रका एकल महिला सङ्गठन प्रभावित देखिन्छन् । यसलाई लीलीको प्रभाव परेको देखिन्छ ।

संविधानको मौलिक हक अन्तर्गत महिला हक, छुवाछुत विरुद्धको हक, जस्ता विविध जातीपाति, छुवाछुत, विभिन्न हिंसा, आफ्नो अधिकारको माग अन्यायको विरोधको प्रकृति हेर्दा योगमायाको आन्दोलनको प्रवृत्ति देखिन्छ । यहाँका जनताले योगमायाको भक्तिनी आन्दोलनका बारेमा बुझेका भने छैनन् तर विद्रोहको प्रकृति भने योगमायाबाटै सुरु भएको

हो । त्यसकारण उनको आन्दोलनबाट पनि यस जिल्लाका महिला सङ्गठनमा प्रभाव परेको देखिन्छ ।

समाजमा महिला विकासका लागि आमा समूहको निर्माण र विकास साझेदारका रूपमा समाज परिचालनहरूको अनुकरण गरी सङ्गठित हुने, वचत गर्ने र सिप विकास तथा उद्यमशील हुने र समाजमा रहेका विकृति विसङ्गतिहरू जस्तैः रक्सी, जुवातास, हिंसा विरुद्ध अभियानहरू चलेको हुँदा यहाँका महिलाहरू राजेश्वरीका बारेमा नबुझे पनि उनको आमा मसूह आन्दोलनबाट प्रभावित भने छन् ।

गरिबीलाई अन्तर्राष्ट्रिय रूपमै २०२२ सम्म निर्मूल पार्ने एउटा विश्वव्यापी योजना गरिबीलाई निर्मूल पार्ने अन्तर्राष्ट्रिय स्तरबाटै पहलहरू भएका छन् । सन् २०२२ सम्म गरिबी निर्मूल पार्ने अभियान राष्ट्रव्यापी गरिबी निवारणका कार्यक्रमहरू जस्तै विउपुजी कार्यक्रम सीपमूलक कार्यक्रम, निजीकरण, सस्तो व्याजदरमा ऋण उपलब्ध जस्ता कार्यहरूको प्रभाव यस जिल्लाका महिला सङ्गठनमा परेको छ ।

फरक-फरक आस्था र विचारका आधारमा हुने दलीय सहजीकरणले गर्दा पनि फरक-फरक राजनीतिक आस्थाका आधारमा यहाँका महिलाहरू सङ्गठित भएका रहेछन् । त्यसैले यहाँका महिला सङ्गठनहरू राजनीतिक आन्दोलन र दलीय सहजीकरणका आधारमा प्रभावित छन् । महिला अधिकारका कुराहरूलाई लिएर महिला हिंसा विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका अभियानको प्रभावले पनि यहाँका महिला सङ्गठनहरूमा प्रभावित छन् । समाज परिचालनका मूल मन्त्र सङ्गठन, वचत, सीपका कुराहरूलाई मूल उद्देश्य बनाएकाले सामाजिक परिचालन र सीप प्राप्ति पनि यहाँका महिला सङ्गठन प्रभावित गर्ने स्थानीय कारक तत्त्व हो । व्यक्तिगत रूपमा स्रोतको पहुँच नहुने भएकाले सङ्गठित हुने र सानो-सानो वचत गर्ने र आर्थिक इलममा त्यो रकम परिचालन गर्न सकी आत्मनिर्भर बनेकाले आर्थिक विकल्पको खोजीबाट पनि महिलाहरू प्रभावित भएका रहेछन् । यहाँका महिला सङ्गठनहरू अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरबाटै प्रभावित छन् ।

## ५.३ निष्कर्ष

हाम्रो नेपाली समाज हालका दिनमा सूचना र संचारको बढ्दो प्रयोग शिक्षा र रोजगारीको विकास, शहरीकरण जस्ता पक्षहरूमा भएको परिवर्तनसँगै महिला संगठनहरू पनि अगाडि बढेका छन् । जसको कारणमा स्थानीय र बाह्य प्रेरक तत्वहरू प्रभाव रहेको छ । परम्परागत रूपमा महिलाहरूलाई घरका कामहरूमा मात्र सिमित राख्नु दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्थ्यो तर शिक्षाले गर्दा यस सोचमा अहिले आएर परिवर्तन भएको छ । कुनै समय थियो महिला घर बाहिरका कार्यमा सरिक हुने विद्यालय जाने गरेमा समाजले राम्रो मान्दैनथ्यो तर अहिले महिलाहरू फरक-फरक उद्देश्यले संगठित हुँदै आएका छन् । संगठन, बचत, सीप भनेका सामाजिक परिचालनका मूल मन्त्र हुन् । यसकै आधारमा महिलाहरू वर्गीय, जातीय, भाषिय, आस्था, परिस्थितिका आधारमा संगठन निर्माण , अभ्यास परिचालनमा जुटेका छन् । केही समय अगाडि आमा समूह भन्ने महिला संगठन मात्र अभ्यासमा रहेको देखिन्थ्यो तर अहिले  समाज र सामुदायिक हितका लागि फरक-फरक नामका महिला संगठनहरू, किशोरी संगठन, सिमा सुरक्षा संगठन, एकल महिला संगठन, जातीय र वर्गीय आधारमा संगठनहरू अभ्यासमा देखिन्छन् । यो यस्ता संगठनहरू वृद्धि हुनुमा सामाजिक परिचालनले ग्रामीण क्षेत्रका महिलाहरूलाई संगठित, स्वावलम्बी र जारुक हुन सहयोग पुऱ्याएको छ । सामाजिक परिचालन कार्यक्रमले समुदायका महिलाहरूको चेतना अभिवृद्धि गराई जसबाट समाजमा विद्यमान अन्धविश्वास रुढीवादी, कुप्रथा, जुवातास झैझगडा आदि सामाजिक विकृति कम गरी समुदायको विकासमा सहयोग पुगेको छ । यस कार्यक्रमको प्रभावले गर्दा पनि महिलाहरूमा फरक-फरक अभ्यासका शैलीहरू देखा परेका छन् भने यी अभ्यासमा रहेका महिला संगठन शैलीहरूलाई आन्तरिक वा स्थानीय र  बाह्य तत्वहरूले प्रभाव पारेको अनुसन्धानबाट देख्न सकिन्छ ।

## ५.४ सुझावहरू

ग्रामीण स्वतन्त्र महिला सङ्गठनले विभिन्न क्षेत्रमा सफलता प्राप्त गरी समाज सुधार, लैंगिक सशक्तिकरणका क्षेत्रमा उल्लेखनीय भूमिका खेलिरहेको भए तापनि केही थप प्रयास गर्नुपर्ने देखिन्छ । जसका लागि आगामी दिनमा यसको उद्देश्य परिपूर्तिका लागि निम्न सुझावहरू दिन सकिन्छ ।

स्थानीय महिला संगठनहरूको निर्माणमा स्थानीय धरातलयि वास्तविकता जोडिएकाले स्थानीय तकहा विकास प्रकृयाहरूमा राजनितिक हैसीयत नभएपनि सामाजिक हैसीयत बनाइका यी समाजिक परिचालनका माध्यमबाट सामाजिक पुँजी निर्माणमा योगदान गर्न सक्ने स्वतन्त्र महिला सङ्गठन र नेतृत्व अभ्यासलाई स्थानीय तहले संरक्षण र प्रबर्द्धन गर्नु उचित हुने देखिन्छ ।

# सन्दर्भ सामाग्री


अजिज, बी.एन. (२०५८), *हियर टु अ साइलेन्स, सङ्गः टु रिबेल वोमन अफ नेपाल,* काठमाडौँः सेन्टर फर नेपाल एण्ड एसियन स्टडिज

अहमद, मेजराज (१९९४), *विकासका समाजशास्त्र,* न्यू दिल्लीः विश्व प्रकाशन ।

श्रेष्ठ, इन्दिरा र हाछेथू कृष्ण (२०५९), *स्त्रीः महिला शासन व्यवस्था र प्रजातान्त्रिक प्रक्रिया राज्यको परिकल्पना नेपाल,* अप्रकाशित शोध प्रतिवेदन पोखरा ।

ककस, महिला सभासद समूह (२०६८), *संविधान सभाका महिला सदस्यहरूः संविधान निर्माणमा महिलाको योगदानसंबन्धी अध्ययन,* काठमाडौँः नेपाल कानुन समाज, संविधान सभा सचिवालय, इन्टरनेशनल आइ.डि.इ.ए. ।

कँडेल, डि.पी. (२०५८), *प्रोपरटिज राइट अफ वमन इन नेपाल,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

कार्की, लक्ष्मी (२०७०), *आमा समूहको माध्यमबाट समुदायमा ल्याएको परिवर्तन तथा प्रभाव,* अप्रकाशित शोधपत्र समाजशास्त्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

क्लेडेसडेल, जी. (२००५), यूरोपियन एक्स्प्रोरर, इन्टरप्रेन्यूरियल सेलेक्टीङ एण्ड इन्भारोनमेन्टर थ्रिरिसोल्डस, प्रोमिथियस, भोलूम १, पि.पि. ४७-६१, भ्यूड अन ११ मे. २००९, इ. (१९६९ दुर्खाइम), द इलिमेन्टरी फम अफ रिलिजियस लाइफ, न्यू योर्कः फ्रि प्रेस ।

गुरुङ्ग, कृष्ण (१९९८), *समाज सेवा र ग्रामिण विकासमा आमा समूहको भूमिका,* अप्रकाशित शोधपत्र समाजशास्त्र त्रि.वि. किर्तिपुरः काठमाडौं ।

कँडेल, डि.पी. (२०५८), *प्रोपर्टी राइट अफ वमन इन नेपाल,* काठमाडौं : रत्नपुस्तक भण्डार, साभार गोरखापत्र (२०६७) मंसिर २५, २०६९, वैशाख ५, २०६९, वैशाख ९ ।

रा.यो.आ. (२०५७), समाजपरिचालन म्यानुअल व्यवहारिक पुस्तिका, काठमाडौंः यू.एन.डी.पी. ।

पार्सन, टालकोट (१९३७), *द स्ट्रक्चर अफ सोसल एक्सन,* न्यूयोर्कः एमसीग्र हिल ।

फिसर, जेम्स (१९९४), *वेमन अन द केरेला कोस्ट : डेमोग्राफिक एण्ड सोसिओ-इकोनोमिक इम्प्याक्ट* ।

बराल, रामचन्द्र (२०१५), *नेपाली महिला आन्दोलनका चार आयामहरू* (सेमिनार शार पत्र) नेशनल कन्फेरेन्स अन सोसीयोलोजी अफ नेपालः प्रिजेन्ट्स एण्ड फ्युचर (२१ नेभेम्बर २०१५), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र केन्द्रिय विभाग

बराल, रामचन्द्र (२०६२), शोध विद्यार्थीका अन्यौलता र समाधानका उपायहरू, पेड–नेपाल, पोखरा ।

भाषिन, कमला (२०६१), *पुरुष, पुरुषत्व र पुरुषवाद, स्त्री शक्ति,* काठमाडौंः डिल्लीबजार

मिश्र चैतन्य (२०६३): *पुँजीवाद र नेपाल,* काठमाडौंः फाइन प्रिन्ट ।

मिश्र चैतन्य (२०६७): *बदलिदो नेपाली समाज,* झम्किखेल ललितपुरः फाइन प्रिन्ट ।

वरुवाल, उषा (२०६६), *सामाजिक परिचालन अभ्यासद्वारा लाहाचोक गाउँ विकास कार्यक्रममा परेको सामाजिक, आर्थिक प्रभाव,* अप्रकाशित शोधपत्र समाजशास्त्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

वेचलर, आर. (२००६), *अ डिफरेन्ट सेड अफ रेड इन नेपाल, ओपन डेमोक्रेसि न्यूज एनालाइसिस,* भ्यूड अन फाइव इडिसन जुन, २००९ ।

वेसान्त, जे एण्ड टिड, जे. (२००७), *इनोभेसन एण्ड इन्टरप्रेनरसिप,* जोन वेलि एण्ड सन्स, लि. वेस्ट ससेक्स ।

वाउन, जि.पी. एण्ड क्लर्क, डि.डि. (२००७), इन्स्टिट्यूसन कन्टेक्स्ट अफ द एलोकेसन अफ इन्टरप्राजेज इफोर्ट, *जर्नल्स अफ इन्टरनेशसनल विजनेश स्टडिज, भोल्यूम, ३९,* पेज. ७४७-७६७, भ्यूड अन ९ मे २००९ ।

ढकाल, आर.के. (२००७), *मदर ग्रुप इन साटेन सेन्गा,* डिजरटेसन, अप्रकाशित शोधपत्र, समाजशास्त्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

ढुङ्गाना, के. (१९९८), *वीडोज क्याराभ्यान टुवार्ड न्यू होरिजन, हाम्रो संसार, अ ओर्ल्ड अफ आवर वन,* इस्सू नं. ५, पेज नं ४७. डि. जर्ज रिटजर, सोजिओलोजी, थेउरी, ३ इडिसन, न्यूः योर्क, म्याग्र-हिल, १९९२, गुलाटी, फिसर १९९४ ।

ह्यारिस, एम. (१९७८), *कल्चरल मेट्रीलिजमः द स्ट्रगल्स फर अ साइन्स अफ कल्चर,* न्यू योर्कः हारपर र ।

लामिछाने, के.बी. (२००७), अ स्टी अफ साइकेट्री ओ.पी.डी. अफ मणिपाल टिचिङ्ग एण्ड वेस्टर्न रिजनल हस्पिटल, पोखरा ।

लेविस, सि. (२००२), मास्टर्स अफ सोसिओलजी थडः आइडिया इन हिस्ट्रिकल एण्ड सोसियल कन्टेक्स्ट वाइ लेविस कोजरः इन्डियन, न्यू डिल्लीः रावट ।

लिङ्डेन, पि.के. (२००८), इमरजिङ्ग सोसियल मोविलाइजेसन अफ वमेन थ्रु मडर्ज ग्रुपः अ केस अफ मोरङ्ग डिस्ट्रिक्ट, अप्रकाशित शोध प्रतिवेदन, ललितपुरः सोसियल इन्क्लुजन रिसर्ज फन्ड, एसएनभी, नेपाल ।

मर्टन, आर.के. (१९६८), सोसियल थेउरी एण्ड सोसियल स्ट्रक्चर, न्यूयोर्कः अमेरिकन पब्लिसिङ्ग, को. प्रा.लि. ।

ओकामुरा, एस. (१९९९), *कम्यूनिटी डेपलपमेन्ट वाइ मदर, ग्रुप : अ केस स्टडि अफ थाना मुला भि.डि.सी. इन पर्वत डिस्ट्रिक्ट,* अप्रकाशित शोधपत्र, समाजशास्त्र त्रि.वि. किर्तीपुरः काठमाडौं ।

पन्त, एम. (१९९६), *वमन इन यूजर ग्रुप यूजर कमिटी,* वि.एस्सी फोरेस्ट, अप्रकाशित शोधपत्र एल.ओ.पी. एफ, त्रि.वि. पोखरा ।

रेग्मी, सि.ए. (२००६), *द इम्पेक्ट स्टडी अफ द सोसियल रेड मुवमेन्ट अफ सिङ्गल वमन (वीडो) इन नेपाल,* अप्रकाशित शोधपत्र समाजशास्त्र, त्रि.वि. किर्तीपुरः काठमाडौं ।

रेग्मी, ए.सी. (२००९), इन्डिभिड्यूल एसाइन्मेन्ट, माइन्ड अफ द इन्टरप्रेनर पेपर मिसेस लिला थापाः अप्रकाशित शोधपत्र समाजशास्त्र, त्रि.वि. किर्तीपुरः काठमाडौं ।

नेपाल सरकार (२०५५), *स्थानीय स्वायत्त शासन ऐन,* काठमाण्डौंः कानुन किताब व्यवस्थापन समिति ।

शर्मा, गंगादेवी (२०६७), *दलित एवं पिछडिएका महिलाको शसक्तिकरणमा आमा समूहको भूमिकाः* सतौं स्याङ्जा, अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

स्थानीय विकास मन्त्रालय (२०५८), *समाज परिचालन म्यानुअल/* गरिबी निवारण कार्यक्रम, स्याङ्जा ।

श्रेष्ठ, आर, (२००४), *अ स्टडी अन सोसिओ-इकोनोमिक स्ट्याटस अफ सिङ्गल (वीडो) वमन इन्भोल्भ इन वमन फर ह्यूमन राइटस् वमन ग्रुप :* अप्रकाशित शोधपत्र, होमसाइन्स त्रि.वि. किर्तीपुरः काठमाडौं ।

श्रेष्ठ, यू. (२००३), *एन एन्थ्रोपोलोजी स्टडि अफ मदर ग्रुप इन कन्भरसेसन एण्ड डेभलोपमेन्ट प्रोग्रामः अ केस स्टडि अफ घान्द्रुक भिलेज कास्की डिस्ट्रिक्ट,* एम.ए. थेसिस त्रि.वि., त्रिचन्द्र क्याम्पस, काठमाडौं ।

शर्मा, वि. (२००४), *इन कर्पोरेटिङ्ग रोल एण्ड निड अफ वेमन इन वाटर इनर्जी मेनेजेमेन्ट,* इन रुरल एरिया अफ द हिमालयाज एक्पेरियन्स अफ केरियनन्स फ्रम पाइलट प्रोजेक्ट, इन भूटान, इन्डिया एण्ड नेपाल किङ्ग, महेन्द्र ट्रस्ट ।

सुवेदी, पी. (२००३), *सस्टेनेवल डेपलपमेन्ट अफ वमेन्स* इन रेग्मी, आर.के. इडिसन (२००२), सस्टेनेविलीटी, द लास्टिङ्ग, फिउल, फोरम, फर सस्टेनेबल डेपलमेन्ट इन नेपाल ।

थापा, एल. (२००४), *वीडोज अर सिङ्गल वमन इन नेपाल,* हाम्रो संसार, अ वर्ल्ड अफ आवर वन, इसु नं. ३, पेज नं. ९ ।

थापा, एल, (२००५), *इसु कर्न्सनिङ्ग सिङ्गल वमन (वीडो) एण्ड मेज स्ट्राटेजी टु एम्पावर सिङ्गल वमन* (वीडो), इन्टरनेशनल कन्फ्रेरेन्स अन क्यापासिटी विल्डीङ्ग अफ सिङ्गल वमन (वीडो), नेपाल ।

वमन फर ह्यूमेन राइट (२००९), सिङ्गल वेमन ग्रुप, भ्यूउड अन ८ इडिसन मे ।

## अन्तरवार्ता फारमः १

## ग्रामिण महिला संगठनहरूमा आएको परिवर्तन

## विषयक अनुसन्धान प्रयोजनका लागि अन्तरवार्ता फारम

## महिला समूह तथा अन्य सरोकारवालासँगको वैयक्तिक अन्तरकृया सूची -२०७२

श्रद्धेय अगुवा व्यक्तित्व

नमस्कार ,

पृथ्वीनारायाण क्याम्पस पोखराबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहका लागि शोधपत्र तयार गर्ने हेतुले म **ग्रामिण महिला संगठनहरूमा आएको परिवर्तन** बारे अनुसन्धानका क्रममा आइपुगेकी छु । मेरा जिज्ञासाहरू केवल प्राज्ञिक अनुसन्धानका लागि मात्र हुन् । तपाईले उपलब्ध गराउनु भएका तथ्यको सुरक्षित गोपनियताको प्रतिबद्धता जनाउँदछु । मेरो अनुसन्धान प्रयोजनलाई प्रभावकारी बनाउन पर्याप्त सत्य तथ्य उपलब्ध गराई सहयोग पुऱ्याइ दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**कमला घिमिरे**

*मानवशास्त्र शोधार्थी ( १८२ /२०६६)*

मिति...............................................

*समाजशास्त्र*

*मानवशास्त्र विभाग*

पृथ्वीनारायाण क्याम्पस, पोखरा

**क.उत्तरदाताको परिचय**

१.नाम.(अनिवार्य छैन)..........................................................................................

२. क)महिला ख)पुरुष

३.पारिवारिक संरचना क)एकात्मक ख)संयुक्त ग)बृहत

४) कुल परिवार संख्या कति छ ?

५)सहायक पेशा पनि छ ?

ख. महिला आन्दोलमा सहभागिताबारे

६) महिला संगठनमा कसरी सहभागि हुन आउनु भयो ?

.........................................................

७.) तपाई कस्तो महिला संगठनमा आवद्ध हुनुहुन्छ ? (कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) राजनीतिक संगठन (ख) सामाजिक संगठन नाम उल्लेख गर्नुहोस् । )

८.) कपिलवस्तुमा रहेका महिला संगठनहरूमा कस्को प्रभाव बढि रहन गएको छ ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) योगमायाको भिक्षुणी आन्दोलन ।

(ख) लीली थापाको एकल महिला आन्दोलन ।
(ग) राजेश्वरी सिंह ठकुरीको आमा समुह आन्दोलन ।
(घ) पुर्वी तराईमा रहेको बेटि बचाउ आन्दोलन ।

९.) यहाँ रहेका महिला संगठन रुपान्तरण हुने प्रमुख तत्व के हो ? (कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) आर्थिक अवस्था (ख) सामाजिक अवस्था
(ग) राजनैतिक अवस्था (घ) भौगोलिक अवस्था

१०.) यस कपिलवस्तु जिल्लामा रहेका महिला संगठनहरू के कारणले निर्माण भए ? ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) अरुद्धारा प्रेरित वा आग्रह भएर । (ख) सामाजिक आवस्यकता भएर ।
(ग) महिला अधिकारका लागि । (घ) सामाजिक अमनचयनका लागि । ☐

११.) यहाँका स्वतन्त्र महिला संगठनहरू कस्तो परिवेशमा उदाउन पुगे ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) धार्मिक परिवेश (ख) जातिय परिवेश
(ग) राजनैतिक परिवेश (घ) भौगोलिक परिवेश

१२.) महिला संगठनहरू कुन-कुन आधारमा संगठित छन् ? (कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) पेशागत आधारमा (ख) आर्थिक वर्गका आधारमा
(ग) जातीय वा नातेदारी आधारमा (घ) आस्थाका आधारमा

१३.) महिला विकास कार्यालयले बिभिन्न तालिम, सभा, सम्मेलन, गोष्टि तथा सेमिनारहरूमा प्रतेक १ वर्षमा प्रतिनिधिको रुपमा पठाउने गरेको छ वा छैन ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
क) छ ☐ ख) छैन
(यदि छ भने कति पटक सहभागि गराउने गरेको छ ?)
(क) १ पटक मात्र (ख) २ पटक मात्र
(ग) ३ पटक मात्र (घ) ४ पटक वा सो भन्दा बढि

१४.) यहाँबाठ बैदेशिक सभा सम्मेलनहरूमा महिलाहरूको प्रतिधिको स्वरुप गएका छन् वा छैनन् । ( कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) गएका छन् (ख) गएका छैनन्

१५.) यहाँका स्वतन्त्र महिला संगठनहरूको स्थीति कस्तो छे ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
(क) रुपान्तरित वा गतिशिल (ख) स्थीर
(ग) राजनैतिक परिवेश (घ) भौगोलिक परिवेश

१६.) यहाँ एतिहासिक महिला आन्दोलनको स्थानिय प्रभाव छ वा छैन ?(कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्)
क) छ ख) छैन (यदि प्रभाव छ भने कस्तो खालको प्रभाव छ ?)
(क) योगमायाको भिक्षुणी आन्दोलन ।
(ख) लिलि थापाको एकल महिला आन्दोलन ।

(ग) राजेश्वरी सिंह ठकुरीको आमा समुह आन्दोलन ।

(घ) पुर्वी तराईमा रहेको बेटि बचाउ आन्दोलन । ☐

१७.) यस क्षेत्रका संगठनहरूमा आवद्ध महिलाहरूका चुनौतिहरू के-के हुन् जस्तो लाग्छ ? कृपया आफ्नो धाराण बुँदागत रुपमा लेख्नुहोस् ।

क) ......................................  ख) ......................................

ग) ......................................  घ) ......................................

१८.) महिलाको सहभागिता तथा भुमिकामा उल्लेखनिय परिवर्तन ल्याउन के कुरा महत्वपूर्ण हो भन्ने लाग्छ तपाईलाइ ? (कृपया सहि उत्तरमा √ निन्ह लगाउनुहोस्) ।

(क) जागिर  (ख) संगठनमा आवद्ध

(ग) उद्यमि  (घ) शिक्षामा

१९) यस क्षेत्रका एतिहसिक महिला संगठनहरूको निर्माण र सञ्चालनको ढाँचा कस्तो छ ? कृपया आफ्नो धाराण बुँदागत रुपमा लेख्नुहोस् ।

क) ......................................  ख) ......................................

ग) ......................................  घ) ......................................

२० अन्त्यमा यो अनुसन्धानकर्तालाई केही सुझाव दिन चाहनुहुन्छ की ?

:....................................................................................

सकारात्मक सहयोग प्रति हार्दिक धन्यवाद ।

## अनुसूची २

## अध्ययन क्षेत्रको नक्सांकन

